# महिलाको न्यायमा पहुँचसम्बन्धमा नेपालका न्यायिक समितिको कार्यसंचालन सम्बन्धी समालोचनात्मक मूल्याङ्कन

## औपचारिक तथा परम्परागत न्याय प्रणालीबीच पुलको भूमिका निर्वाह गर्ने नमुना अभ्यास प्रणालीको मूल्याङ्कन

संक्षिप्त टिप्पणीपत्र
सन् २०२३ अप्रिल

इन्टरनेशनल कमिशन अफ जुरिष्ट्स (आइसीजे)

International
Commission
of Jurists

विश्वका सबै क्षेत्रबाट प्रतिनिधित्व हुने गरी ६० जना ख्यातिप्राप्त न्यायाधिश र वकिलहरु सम्मिलित इन्टरनेशनल कमिशन अफ जुरिष्ट्सले आफ्नो विशिष्ट कानुनी दक्षताको प्रयोग गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय न्याय प्रणालीको विकास र प्रवर्द्धन गर्दै कानुनको शासनको माध्यमबाट मानव अधिकारको प्रवर्द्धन र संरक्षण गर्दछ। सन् १९५२ मा स्थापना भई पाँचवटा महादेशहरुमा सक्रिय रुपमा कार्यरत रहेको आइसीजेको उद्देश्य अन्तर्राष्ट्रिय मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको क्रमिक विकास र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु; नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरुलाई आत्मसात गराउनु; शक्ति पृथकीकरणको सिद्धान्तको संरक्षण गर्नु; र न्यायपालिका तथा कानुन व्यवसाय पेशाको स्वतन्त्रताको प्रत्याभुति दिलाउनु हो।

® महिलाको न्यायमा पहुँच सम्बन्धमा नेपालको न्यायिक समितिहरुको कार्यसंचालन सम्बन्धी समालोचनात्मक मूल्याङ्कन

© प्रतिलिपी अधिकार, इन्टरनेशनल कमिशन अफ जुरिष्ट्स (आइसीजे), सन् २०२३ अप्रिल

उद्धरणको जनाउ दिएर आफ्ना कुनै पनि प्रकाशनका अंश पुनरुत्पादन गरिएमा र प्रकाशनका अंश प्रयोग भएका प्रकाशन निम्न ठेगानामा इन्टरनेशनल कमिशन अफ जुरिष्ट्स (आइसीजे) को मुख्यालयमा उपलब्ध गराइएमा आइसीजेले त्यस किसिमका पुनरुत्पादनका लागि अनुमति प्रदान गर्दछ :

स्वीडेन सरकारको सहयोगमा यो प्रतिवेदन तयार गरिएको हो।

Sweden Sverige

इन्टरनेशनल कमिशन अफ जुरिष्ट्स
रु दे बुई ३
पो. बक्स १७४०
१२११ जेनेभा १, स्वीजरल्याण्ड
फोन +४१(०)२२ ९७९ ३८ ००
^याक्स +४१(०)२२ ९७९ ३८ ०१
www.icj.org

# महिलाको न्यायमा पहुँचसम्बन्धमा नेपालका न्यायिक समितिको कार्यसंचालन सम्बन्धी समालोचनात्मक मूल्याङ्कन

# औपचारिक तथा परम्परागत न्याय प्रणालीबीच पुलको भूमिका निर्वाह गर्ने नमुना अभ्यास प्रणालीको मूल्याङ्कन

संक्षिप्त टिप्पणीपत्र
सन् २०२३ अप्रिल

## परिचय

मानव अधिकार उल्लंघन र दुर्व्यवहारका पीडितहरुले औपचारिक न्याय संयन्त्रको सट्टामा वैकल्पिक विवाद समाधानका विधिहरुको उपयोग गर्ने क्रम विश्वव्यापी रुपमा बढ्दो रहेको छ । दुर्व्यवहारहरु सम्बोधन गर्ने सरकारहरुको इच्छाशक्तिको अभाव, न्याय प्रणालीमा रहेका अधिकारीहरुको सीमित क्षमता वा विशेषज्ञता, लामो र जटील न्यायिक प्रक्रिया वा अदालतहरु भौतिक पहुँचभन्दा बाहिर रहने जस्ता विविध अवरोधहरुका कारण प्रायः यस्तो अवस्था सिर्जना हुने गर्दछ । फलस्वरुप, अहिलेको अवस्थामा प्रभावकारी उपचार उपलब्ध गराउन धेरै राज्यहरु परम्परागत वा प्रथाजनित न्यायिक प्रणालीहरु लगायतका अनौपचारिक, अर्ध-औपचारिक वा अर्ध-न्यायिक निकाय स्थापना गर्ने वा त्यसतर्फ फर्कने क्रममा रहेका देखिन्छन् । इन्टरनेशनल कमिशन अफ जुरिष्ट्स (आइसीजे) ले यस प्रकाशनमा, यस्तो प्रवृत्तिको कारकतत्व र त्यसले नेपाली महिलाहरुको मानव अधिकार र न्यायमा पहुँचका सम्बन्धमा पारेको प्रभावको पहिचान गर्ने प्रयास गरेको छ ।

मानव अधिकार उल्लंघनका घटनामा प्रभावकारी उपचार प्रदान गर्ने प्रावधान समेत समावेश भएको न्यायमा पहुँच, विधिको शासनको आधारभूत सिद्धान्त हो । न्यायमा पहुँचको अभावमा, व्यक्तिहरु आफ्नो विचार अभिव्यक्त गर्ने, मानव अधिकार उपभोग गर्ने, भेदभावहरुलाई चुनौति दिने वा नीति निर्माणकर्ताहरुलाई जवाफदेही बनाउन असमर्थ हुने हुँदा[1] लोकतान्त्रिक समाजको मूलभूत आधार नै कमजोर हुने अवस्था सिर्जना हुन जान्छ ।

न्यायमा पहुँच सुनिश्चित गर्ने राज्यको दायित्व अन्तर्राष्ट्रिय मानव अधिकारको मूलभूत आवश्यकता हो । विशेष गरेर नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (आईसीसीपीआर) ले प्रभावकारी उपचारको अधिकार (धारा २(३)), स्वच्छ सुनुवाईको अधिकार (धारा १४) र अविभेद, समानता र कानुनको समान संरक्षणको अधिकार (धारा २(२) र २६) समाहित गरेको छ । यो अवस्था 'सबै तहमा प्रभावकारी, जवाफदेही र पारदर्शी संस्थाहरु'[2] निर्माण गर्ने संयुक्त राष्ट्र संघीय दिगो विकास लक्ष्य १६ (शान्ति, न्याय र सशक्त संस्था) मा समेत प्रतिविम्बित भएको छ । विशेष गरेर महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि (सीड) ले सबै महिलाहरुलाई न्यायमा पहुँच सुनिश्चित गर्न राज्यलाई उत्तरदायी बनाएको छ ।

सीड अन्तर्गत न्यायमा पहुँचको प्रकृति र उद्देश्य स्पष्ट गर्ने उद्देश्यले महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन सम्बन्धी समिति (सीड समिति) ले न्यायमा पहुँच सम्बन्धी आम सिफारिस नं ३३[3] जारी गरेको छ जसमा न्यायमा पहुँचको अधिकार उपभोग गर्न बाधा व्यवधान उत्पन्न गर्ने विविध अवरोधहरुको बारेमा उल्लेख गरिएको छ । सीड अन्तर्गत सुनिश्चित गरिएका अधिकारहरुको उपभोगका लागि पक्ष राष्ट्रहरुले आवश्यक उपायहरु अवलम्बन गर्नु पर्ने सिफारिस सीड समितिले गरेको छ । यसको लागि आवश्यक बजेट र व्यवस्थापन लगायत अदालत तथा प्रशासनिक निकायहरुको स्थापना न्यायमा पहुँचको महत्वपूर्ण तत्व हो ।[4] सीड समितिले पक्ष राष्ट्रहरुलाई ग्रामीण, विकट र दूरदराज लगायत देशका सबै भूभागमा विनाभेदभाव न्यायमा पहुँचको अधिकार सुनिश्चित गर्न सक्षम अदालत, न्यायाधिकरण र अन्य सहयोगी निकायको स्थापना, व्यवस्थापन र विकासको सुनिश्चितता गर्न गराउन आह्वान गरेको छ ।[5]

यसका अतिरिक्त, औपचारिक कानुन, नियमावली, कार्यविधी र निर्णयहरु धार्मिक, परम्परागत, रैथाने (पुरातनदेखी चलि आएको) वा सामुदायिक कानुन र अभ्याससँग सहअस्तित्वमा रहने केही राज्यहरुका हकमा "बहुलतामा आधारित न्याय प्रणाली" को भूमिकालाई सीड समितिले मान्यता प्रदान गरेको छ । औपचारिक वा अनौपचारिक, राज्य, गैरराज्य वा मिश्रित जे जस्तो प्रकृतिको भए पनि यी बहुलतामा आधारित न्याय प्रणालीमा न्यायमा पहुँच सम्बन्धी अधिकार अभ्यास गर्ने गराउने क्रममा महिलाले सामना गर्न सक्ने कानुनका विविध स्रोत समावेश हुन्छन् ।[6] सबै किसिमका बहुलतामा आधारित न्याय प्रणाली अविभेद, समानता र विधिको शासनको सिद्धान्त अनुकूल र हन्छन् र तिनले महिलाका मानव अधिकारको सम्मान, संरक्षण र उपभोग सुनिश्चित गर्छन् भन्ने सुनिश्चित गर्न सीड समितिले पक्ष राष्ट्रहरुलाई आह्वान गरेको छ । बहुलतामा आधारित न्याय प्रणाली लगायत सबै किसिमका न्याय प्रणालीमा महिलाका अधिकार र उपलब्ध हुने उपचार सम्बन्धी आवश्यक जानकारी पक्ष राष्ट्रहरुले महिलालाई उपलब्ध गराउनु पर्दछ ।

---

1 इन्टरनेशनल कमिशन अफ जुरिष्ट्स, द ट्यूनिस डिक्लेरेसन अन रिइन्फोर्सिङ द रुल अफ ल एण्ड ह्युमन राइट्स, सन् २००९ मार्च, हेर्नुहोसः https://icj2.wpenginepowered.com/wp-content/uploads/2019/04/Universal-ICJ-The-Tunis-Declaration-Advocacy-2019-ENG.pdf.

2 सन् २०१५ मा संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरुले अवलम्बन गरेको संयुक्त राष्ट्र संघीय दिगो विकास लक्ष्य (एसडिजी) ।

3 महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी समिति, आम सिफारिस नं ३३, UN Doc. CEDAW/C/GC/33, (सन् २०१५, जुलाई २३), हेर्नुहोसः https://documents-dds-ny.un.org/doc/UNDOC/GEN/N15/241/90/PDF/N1524190.pdf?OpenElement

4 *ऐजन,* अनुच्छेद १४ (ख) ।

5 *ऐजन,* अनुच्छेद १६ (क) ।

6 *ऐजन,* अनुच्छेद ५ ।

व्यापक विश्वव्यापी र क्षेत्रीय परामर्शबाट तयार गरिएको रैथाने (पुरातनदेखि चलि आएको) र अन्य प्रथाजन्य वा परम्परागत न्याय प्रणाली, मानव अधिकार र विधिको शासन सम्बन्धी आइसीजेको सिद्धान्तले समेत यसबारेमा थप व्याख्या गर्दछ।[7] राष्ट्रिय कानुनी पद्धति अन्तर्गत रैथाने न्याय प्रणाली र अन्य प्रथाजन्य वा परम्परागत न्याय प्रणालीलाई औपचारिक मान्यता प्रदान गर्ने र यसको भूमिका स्वीकार गर्नुको महत्वलाई सिद्धान्त ४ ले जोड दिएको छ। यस्ता प्रणालीले विधिको शासनको सम्मान गर्दै न्यायमा समान पहुँच सुनिश्चित गर्न र मानव अधिकारको कानुनी संरक्षणका लागि योगदान पुर्‍याउँछ। यी प्रणालीहरु अन्तर्राष्ट्रिय रुपमा मान्यता प्राप्त मानव अधिकार र विधिको शासनको मापदण्ड अनुकूल रहनु पर्दछ भन्नेमा यो सिद्धान्तले जोड दिएको छन्। यसैगरी रैथाने र अन्य परम्परागत वा प्रथाजन्य न्याय प्रणाली अन्तर्राष्ट्रिय मान्यता प्राप्त मानव अधिकार कानुन र सिद्धान्तसँगको सामन्जस्यता र विधिको शासनको बृहत मान्यता, विशेष गरेर प्रक्रियागत रुपमा फौजदारी न्याय निरुपण र सजाय अनुकूल, वा सहयोगी रहन्छ, वा संलग्न पक्षको मूलभूत स्वार्थमा अन्यथा प्रभाव पार्दछ भन्ने मान्यताबाट संचालन हुनु पर्दछ भन्ने कुरामा सिद्धान्त ७ ले जोड दिएको छ।

नयाँ संविधान २०७२ जारी भए पश्चात नेपालको शासकीय स्वरुपको हकमा एकात्मकबाट संघीय राज्यमा रुपान्तरण भएसँगै महत्वपूर्ण परिवर्तनहरु भएका छन् जसको परिणमस्वरुप विषयको प्रकृतिका आधारमा संघीय तथा स्थानीय तहमा न्याय सम्पादन गरिने लगायतका अवस्थाहरुको सिर्जना भयो। संघीय क्षेत्राधिकार भित्रका विषयमा सामान्य अदालतले क्षेत्राधिकार कायम राखे जस्तै नेपालको संविधान २०७२ को धारा २१७ बमोजिम केही विवादहरुको समाधान स्थानीय स्तरमा गर्नका लागि प्रत्येक नगरपालिका वा गाउँपालिकामा न्यायिक समितिहरु स्थापना गरियो। संविधानमा भएको यो व्यवस्थाको कार्यान्वयनको लागि वि.सं. २०७४ सालमा स्थानीय सरकार संचालन ऐन जारी गरियो।

स्थानीय सरकार संचालन ऐन २०७४ ले मुद्दाको फैसला गर्न न्यायिक समितिलाई दुईवटा विकल्प प्रदान गरेको छ :

क) विवादको निरुपण गर्ने (स्थानीय सरकार संचालन ऐन दफा ४७ (१) अन्तर्गत सुचीकृत मुद्दा);
(ख) मेलमिलापको माध्यमबाट विवादको समाधान गर्ने (स्थानीय सरकार संचालन ऐन दफा ४७ (२) अन्तर्गत सुचीकृत मुद्दा)।

सन् २०१७ देखि २०२२ सम्म संचालनमा रहेको पहिलो न्यायिक समितिले आफ्नो कार्यादेश पुरा गर्न महत्वपूर्ण चुनौतिहरुको सामना गर्नु परेको थियो। सन् २०१९ जुनमा आइसीजेले प्रदेश १ (कोशी प्रदेश) को झापा, मोरङ, सुनसरी र धनकुटा जिल्लाका १० वटा पालिकाहरुमा अवलोकन भ्रमण सम्पन्न गरेको थियो। सो भ्रमणको दौरानमा, महिलासँग सम्बन्धित सरोकारहरु लगायतका विषयहरुमा कानुनी विशेषज्ञता तथा प्राविधिक सहायताको अभाव भएबाट न्यायिक समितिहरुले विविध चुनौतिहरुको सामना गरिरहनु परेको पाइएको थियो। न्यायिक समिति समक्ष आउने मुद्दाहरु मध्ये अधिकांश मुद्दाहरु महिलाकासरोकारका विषय हुने भएको र ती मुद्दाहरुले महिलालाई मुख्य रुपमा असर पार्ने भएकोले न्यायिक समितिलाई यो विषय हेर्न आवश्यक पर्ने विषयगत ज्ञान र विशेषज्ञता उपलब्ध गराउनु महत्वपूर्ण हुने कुरामा आइसीजेले जोड दिएको छ।

न्यायिक समितिहरुले सामना गरेका केही मुख्य चुनौतीहरुका सम्बन्धमा सन् २०१९ मा आइसीजेले झापा, मोरङ, सुनसरी र धनकुटा जिल्लाका दश वटा पालिकाहरुका न्यायिक समितिको लागि आयोजना गरेको न्याय सम्पादन गर्ने व्यक्तिहरुमा विद्यमान लैङ्गिक पूर्वाग्रहपूर्ण सोच र लैङ्गिक रुपमा विभेदपूर्ण मनोवृत्ति तथा व्यवहार उन्मूलन विषयक कार्यशालामा थप उजागर भएको थियो।[8]

सन् २०१९ मा सम्पन्न भ्रमण र न्यायिक समितिसँग सम्बन्धित अन्य अध्ययनहरुको आधारमा न्यायिक समितिहरुसँग सम्बन्धित संवैधानिक तथा कानुनी व्यवस्थाका साथै यी समितिहरुले सामना गरेका मुख्य चुनौतिहरुलाई लिएर आइसीजेले यो विस्तृत विश्लेषण सहितको संक्षिप्त टिप्पणीपत्र प्रकाशन गरेको छ।

न्यायमा महिलाको प्रभावकारी पहुँच सुनिश्चित गर्न, न्यायिक समितिहरु स्वतन्त्र रुपमा संचालन होस् भन्ने सुनिश्चित गर्न नेपाल सरकारले तत्कालै व्यवस्थापकीय तथा नीतिगत मापदण्डहरु अवलम्वन गर्नु पर्दछ भन्ने आइसीजेको सिफारिस रहेको छ। यसका अतिरिक्त न्यायिक समितिका सदस्य र न्यायिक समितिलाई सहयोग गर्ने कर्मचारीहरुलाई विविध लैङ्गिक सवालको संवोधन गर्न तथा लैङ्गिक संवेदनशील अनुसन्धान विधि र लैङ्गिकतामा आधारित हिंसाका मुद्दामा सोधपुछ गर्न सक्षम बनाउन लैङ्गिक पूर्वाग्रही सोँच र व्यवहार लगायत लैङ्गिक सम्वेदनशीलता सम्बन्धी तालिम दिनु पर्ने महत्वलाई आइसीजेले जोड दिएको छ। पहिलो न्यायिक समितिको कार्यकालको अन्त्य र दोस्रो न्यायिक समितिको कार्यकाल सन् २०२२ मे मा आरम्भ भएसँगै यी सिफारिसहरुको मस्यौदा गरिएको थियो।

---

7 इन्टरनेशल कमिशन अफ जुरिष्ट्स, रैथाने एवम् अन्य परम्परागत वा प्रथाजन्य न्याय प्रणाली, मानव अधिकार, र विधिको शासन, सन् २०२१ मार्च, हेर्नुहोस : https://www.icj.org/wp-content/uploads/2022/06/Principles-and-Commentary_Eng_March-2021.pdf

8 इन्टरनेशल कमिशन अफ जुरिष्ट्स, महिला विरुद्धका लैङ्गिक पूर्वाग्रहीपूर्ण सोच र भेदभावजन्य व्यवहारहरुको उन्मुलन विषयक न्यायिक समितिका सदस्यहरुका लागि आयोजित कार्यशाला गोष्ठी, सन् २०१९, डिसेम्बर ७ र ८, यहाँ उपलब्ध : https://www.icj.org/nepal-icj-holds-workshop-for-judicial-committee-members-on-enhancing-access-to-justice-for-women/

### नेपालको संवैधानिक व्यवस्था

नेपालको संविधान २०७२[9] ले नेपाललाई संघीय, प्रादेशिक र स्थानीय तह गरी तीन तहको शासकीय स्वरुप सहितको संघीय राज्यको रुपमा स्थापना गऱ्यो ।[10] संघीय शासन प्रणालीमा एउटा संघीय संरचना, सातवटा प्रादेशिक तह र ७५३ वटा स्थानीय तहका सरकार समावेश छन् । तीनै तहका सरकारहरु चरणवद्ध रुपमा सन् २०१७ को मे देखि सेप्टेम्बरको बीचमा निर्वाचित भएका थिए ।

संविधानले राज्यको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबीच शक्ति पृथकीकरणको सुनिश्चितता गरेको छ[11] जसमा प्रत्येक तहको सरकारलाई कार्यकारी, व्यवस्थापकीय र न्यायपालिकीय अधिकार प्रत्याभुत गरिएको छ । संविधानले नगर र गाउँ तहका पालिकाहरुमा न्यायिक समिति स्थापना गर्ने व्यवस्था गरेको छ, जसले स्थानीय तहमा न्यायिक अधिकार उपयोग गर्दछन् । नगरपालिकामा न्यायिक समितिको नेतृत्व उपमेयरले गर्दछ भने गाउँपालिकामा उपाध्यक्षले सो समितिको नेतृत्व गर्ने व्यवस्था गरेको छ ।

नेपालको संविधान २०७२ को धारा २१७ मा कानुनमा व्यवस्था भए बमोजिम आफ्नो क्षेत्राधिकार भित्रका विवाद समाधान गर्न गाउँपालिकाको हकमा उपाध्यक्ष र नगरपालिकाको हकमा उपमेयरको संयोजकत्वमा तीन सदस्य न्यायिक समिति रहने प्रावधान रहेको छ ।[12] यसको अतिरिक्त संविधानको अनुसूची ८ र ९ ले स्थानीय सरकारलाई स्थानीय अदालत र मेलमिलाप तथा मध्यस्थताको व्यवस्थापनसँग सम्बन्धित विषयमा स्थानीय कानुन निर्माण गर्ने अधिकार समेत प्रदान गरेको छ ।

### सन् २०१७ र २०२२ को स्थानीय तहको निर्वाचन

नेपालको संविधान २०७२ जारी भएपछि २०७४ सालमा पहिलो स्थानीय तहको निर्वाचन सम्पन्न भएको थियो, जसमा तीन तहको सर कारमा अप्रत्याशित रुपमा ४०.७९ प्रतिशत महिलाको प्रतिनिधित्व भएको थियो ।[13] कुल ७५३ स्थानीय निकायमा, १८ जना महिला नगर पालिकाका मेयर वा गाउँपालिकाका अध्यक्ष निर्वाचित भएका थिए भने ७५३ मध्ये ७०० जना नगरपालिकाका उपमेयर वा गाउँपालिकाका उपाध्यक्ष निर्वाचित भएका थिए । यसर्थ स्थानीय तहका न्यायिक समितिहरुको नेतृत्व बहुसंख्यक रुपमा महिलाहरुले गरेका थिए ।[14] विगतका सरकारहरुभन्दा निश्चित रुपमा महिला प्रतिनिधित्वको सवालमा यो उल्लेखनीय वृद्धि थियो ।

वि.सं. २०७९ मा सम्पन्न दोस्रो स्थानीय तहको निर्वाचनमा निर्वाचित हुने महिला उपप्रमुखको संख्यामा केही गिरावट आएको थियो । समग्र पालिकाहरुमा ५६४ जना महिला उपप्रमुख पदमा निर्वाचित भएका थिए भने २५ जना महिला नगरपालिका वा गाउँपालिकाका प्रमुख वा अध्यक्षको पदमा निर्वाचित भएका थिए ।[15]

### न्यायिक समितिको प्रकृति

न्यायिक समितिको नामाकरण जे जस्तो भएतापनि वास्तविक न्यायिक निकायहरु जस्तो विशेषताहरु न्यायिक समितिमा रहदैन् भन्ने स्पष्ट गर्न जरुरी हुन्छ । बरु कार्यकारीका सदस्यहरु भएको नाताले यिनीहरुले न्यायिक भूमिका नभएर प्रशासनिक जिम्मेवारी बहन गर्ने गर्दछन् । तथापि २०७२ को संवैधानिक व्यवस्थाले पूर्ववत् रुपमा न्यायिक निकायमा निहित रहेको केही निश्चित भूमिकाहरु यी समितिहरुलाई प्रदान गरेको छ ।

---

9 नेपालको संविधान २०७२, यहाँ उपलब्ध : https://www.lawcommission.gov.np/en/wp-content/uploads/2021/01/Constitution-of-Nepal.pdf

10 *ऐजन,* धारा ५६ ।

11 *ऐजन,* धारा ५७ ।

12 *ऐजन,* धारा २१७ ।

13 निर्वाचन आयोग, नेपाल, लिङ्गको आधारमा निर्वाचित प्रतिनिधिहरुको अभिलेख, निर्वाचन सन् २०१८, यहाँ उपलब्ध : http://result.election.gov.np

14 न्यायिक समितिको सन्दर्भमा महिलाको राजनीतिक सहभागिता र कार्यादेश कार्यान्वयन गर्नमा चुनौतिहरु आइसीजेको संक्षिप्त कार्यपत्रमा अफ विस्तृत रुपमा छलफल गरिएको छ, नेपाल : राजनीतिक पात्रको रुपमा मानव अधिकारको सवाल प्राप्तिको लागि महिला मानव अधिकार रक्षकलाई सहयोग, सन् २०१८ मा प्रकाशित, यहाँ उपलब्ध : https://icj2.wpenginepowered.com/wp-content/uploads/2018/02/Nepal-WHRD-Advocacy-Analysis-brief-2018-ENG.pdf

15 नेपालको निर्वाचनमा महिला सहभागिता, माई रिपब्लिका, सन् २०१२ अप्रिलमा प्रकाशित, यहाँ उपलब्ध : https://myrepublica.nagariknetwork.com/news/women-s-participation-in-elections-in-nepal/

यस व्यवस्थाको केही फाइदाहरु हुनुका साथसाथै केही जोखिमहरु पनि रहेका छन् । एकातर्फ न्यायिक समितिहरुले औपचारिक न्यायिक संयन्त्रमार्फत न्याय प्राप्त गर्न विविध अवरोधहरु सामना गरिरहेका सीमान्तकृत वा पिछडिएका समुदायका सदस्य, विशेष गरेर महिलालाई बढी पहुँचयोग्य र प्रभावकारी न्यायमा पहुँच प्राप्त गर्ने अवसर उपलब्ध गर्दछ भन्ने केही सरोकारवालाहरुमा धारणा रहेको पाइन्छ । यी अवरोधहरुमा, भौतिक दुरीका कारण अदालतसम्म पहुँच कायम राख्न कठिनाई; धेरै महँगो न्याय प्रशासन; लामो समय लाग्ने अदालतको प्रक्रिया; र लैङ्गिक असंवेदनशील संरचना र प्रक्रियाहरु समावेश रहेका छन् । न्यायिक समितिहरु यस्ता व्यक्तिहरुलाई न्यायमा सहज पहुँच उपलब्ध गराउने निकायका रुपमा परिकल्पना गरिएको थियो । यद्यपि न्यायिक समितिहरुमा मूलतः कानुनी पृष्ठभूमी नभएका र सरकारको राजनीतिक इकाईमा रहेका व्यक्तिहरुको प्रतिनिधित्व हुने कारण यसका पदाधिकारीहरुमा स्वतन्त्रताको अभाव हुन्छ र यसमा स्वार्थ बाझिने अवस्थाको सिर्जना समेत रहन्छ । यसका अतिरिक्त उनीहरुमा जटील मुद्दाहरु समाधान गर्न आवश्यक कानुनी विशेषज्ञताको समेत अभाव रहन सक्दछ ।

स्थानीय निकाय र स्थानीय प्रतिनिधि मार्फत परम्परागत रुपमा विवाद समाधानका संयन्त्रहरुको प्रयोग गर्ने नेपालको लामो इतिहास छ, जसअनुसार धेरै मानिसहरुले आफ्ना विवाद समाधान गर्न यी संयन्त्रहरुको चयन गर्छन् । यो प्रयोग गाउँघरमा स्थानीय समुदायले गाउँका मुखियाको परामर्शमा विवादरत पक्षहरुबीच छलफल गरेर विवादको समाधान खोज्ने पुरानो परम्परागत अभ्यासबाट विकसित भएको हो । वि.सं. २०४७ सालको संविधान जारी भएपछि आएको स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले पहिलो पटक मेलमिलाप वा मध्यस्थतालाई विवाद समाधानको वैकल्पिक अवधारणाको रुपमा औपचारिक रुपमा प्रस्तुत गरेको थियो ।[16]

विवाद समाधानको वैकल्पिक संयन्त्रलाई धेरैले न्याय प्राप्त गर्ने अझ छरितो, समतामूलक र पूर्वाग्रह रहित माध्यमको रुपमा मान्दै आएको पाइन्छ । औपचारिक न्याय संयन्त्रप्रति आम तवरमा रहेको जनविश्वासको कमी र अन्य ब्यवधानका कारण यी विवाद समाधानका वैकल्पिक संयन्त्रहरुलाई व्यापक रुपमा ग्रहण गरिएको थियो । तथापि यी संयन्त्रहरुले पनि प्रभावशाली प्रवुद्ध वर्गको स्वार्थलाई नै बढावा दिने गरेका कारण पनि यी संयन्त्रको आलोचना भएको थियो । यसका अतिरिक्त वैकल्पिक विवाद समाधानका प्रक्रियामा कानुन र विधिशास्त्रीय आधार नहुने र बृहत्तर रुपमा महिला एवं सीमान्तकृत समुदायप्रति विभेदकारी धार्मिक परम्परा र प्रथाजनित अभ्यासको प्रभाव रहने देखिन्छ ।

राष्ट्रिय न्यायिक प्रतिष्ठान (एनजेए) ले सन् २०१७ मा प्रकाशन गरेको अध्ययनले न्यायमा पहुँचका लागि विभेदकारी कानुनी व्यवस्था, लामो र ढिलो अदालती प्रक्रिया, भाषागत कठिनाई, विवाद समाधानका लागि औपचारिक न्याय प्रणालीको संरचनामा लाग्ने लामो समय, महंगो कानुनी शुल्क र न्यायको खोजीमा रहेका व्यक्तिहरु प्रति अदालतका कर्मचारीहरुले गर्ने लैङ्गिक असंवेदनशील आचरण र व्यवहार जस्ता विभिन्न अवरोधहरु पहिचान गरेको थियो ।[17] यसको अतिरिक्त कानुनी व्यवस्था, कानुनी अधिकार र न्याय प्राप्त गर्ने संयन्त्रका सम्बन्धमा सामान्य जानकारीको अभावका कारण मानिसहरुले अधिकतम रुपमा विवाद समाधानका वैकल्पिक संयन्त्रहरुको प्रयोग गर्नु पर्ने अवस्था सिर्जना भएको देखिन्छ ।

यसैगरी सन् २०१८ मा द एसिया फाउण्डेसनले गरेको एक सर्वेक्षणले घरेलु हिंसाका मुद्दा लगायत अन्य विवाद समाधानका लागि नेपालीहरु अदालतभन्दा धेरै प्रहरी, परम्परागत न्याय संयन्त्र र वडाका सदस्यहरु समक्ष उपस्थित हुने गरेको अवस्थाको उजागर गरेको थियो ।[18]

न्यायिक समितिलाई *"स्थानीय विवाद स्थानीय तहमै समाधान हुनुपर्छ"* भन्ने अवधारणा कार्यान्वयन गर्ने र कायम राख्ने अवसरको रुपमा लिइन्छ । तथापि यी समितिहरुले आफ्नो उद्देश्य पुरा गर्दा निष्पक्षता, स्वच्छता, अविभेद र उचित प्रक्रिया जस्ता अन्तर्राष्ट्रिय मापदण्डको पालना गर्न सक्छन् कि सक्दैनन् भन्ने हेर्न बाँकी नै रहेको छ ।[19]

सन् २०२० मा सम्पन्न आइसीजेको उच्चस्तरीय भ्रमण टोलीले उचित प्रक्रिया र स्वच्छ सुनुवाई सम्बन्धी अन्तर्राष्ट्रिय कानुन र मापदण्ड प्रभावकारी रुपमा पालना गर्न सक्ने वा नसक्ने स्पष्ट नभएको अवस्थामा न्यायिक समितिहरुले उल्लेखनीय रुपमा मानव अधिकार सम्बन्धी चुनौती सामना गरेको निष्कर्ष निकालेको थियो ।[20] संविधान तथा कानुनले प्रदान गरेको जिम्मेवारी पुरा गर्न न्यायिक समितिहरुले धेरै चुनौतीहरुको सामना गर्नु पर्ने अवस्था समेत स्पष्ट देखिएको छ ।

---

16 स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा भूमीसम्बन्धी विवाद, बधुँवा श्रम, अतिक्रमण र गरीब लगायतका विषय समावेश गरिएको थियो जो सुनुवाई गर्ने र "मुद्दाका पक्षहरुबीच सहमति भए अनुरुप" तात्कालिन गाविसले नियुक्त गरेको ३ सदस्यीय मध्यस्थता बोर्डबाट वा मेलमिलाप मार्फत निरुपण गरिने भएको थियो ।

17 राष्ट्रिय न्यायिक प्रतिष्ठान (एनजेए), न्यायमा महिलाको पहुँच सम्बन्धी अध्ययन प्रतिवेदन, २०७२, यहाँ उपलब्ध : https://njanepal.org.np/public/reports/21021154555-Women%20access%20to%20justice.pdf (नेपाली संस्करण) ।

18 द एसिया फाउण्डेसन, सन् २०१८ मा नेपाली जनताको सर्वेक्षण, यहाँ उपलब्ध : https://asiafoundation.org/wp-content/uploads/2019/05/A-Survey-of-the-Nepali-People-2018-revised-8132019.pdf

19 इन्टरनेशनल कमिशन अफ जुरिष्ट्स, एसिया प्रशान्त क्षेत्रमा रैथाने र अन्य परम्परागत वा प्रथाजन्य प्रणाली, न्यायाधिश र कानुन व्यवसायीहरुको जेनेभा फोरमको सन् २०१८ को प्रतिवेदन, यहाँ उपलब्ध : https://www.icj.org/wp-content/uploads/2019/06/Universal-Trad-Custom-Justice-GF-2018-Publications-Thematic-reports-2019-ENG.pdf

20 इन्टरनेशनल कमिशन अफ जुरिष्ट्स, संघीय नेपालमा मानव अधिकार तथा विधिको शासन : आइसीजे उच्चस्तरीय भ्रमण टोलीको सिफारिस, सन् २०२० जुलाई, यहाँ उपलब्ध : https://icj2.wpenginepowered.com/wp-content/uploads/2020/08/Nepal-High-level-mission-Publications-Reports-misson-reports-2020-ENG.pdf

## लागु हुने घरेलु कानुन

संविधानको धारा २१७ को व्यवस्था अनुसार, न्यायिक समिति कानुनले निर्धारण गरे बमोजिम आफ्नो क्षेत्राधिकार भित्रका निश्चित विवादहरु समाधान गर्ने दायित्व भएको पहिलो संयन्त्र हो । संविधानमा व्यवस्था भए अनुसार न्यायिक समितिमा तीनजना सदस्य हुन्छन् जसको नेतृत्व नगरपालिकाका उपप्रमुख वा गाउँपालिकाका उपाध्यक्षले गर्ने गर्दछ ।[21] संविधानको धारा १४८ अनुसार, यी न्यायिक समितिहरु सम्बन्धित जिल्ला अदालतको निरीक्षण एवम् सुपरिवेक्षणमा संचालन हुन्छन् ।[22]

स्थानीय सरकार संचालन ऐन, २०७४ ले न्यायिक समितिको प्रभावकारी संचालनका लागि दिशानिर्देश गर्दछ। स्थानीय सरकार संचालन ऐनको दफा ४६ को व्यवस्था अनुसार संविधानको धारा २१७ अनुरुप प्रत्येक नगरपालिका र गाउँपालिकामा न्यायिक समिति रहने छन् । स्थानीय सरकार संचालन ऐनको दफा ४७ (१) र (२) अनुसार, न्यायिक समितिको क्षेत्राधिकार १३ वटा निश्चित विवादमा विवादको निरुपण गर्ने रहेको छ भने र अन्य विवादहरु निर्णयका लागि सम्बन्धित जिल्ला अदालतमा सिफारीस गरी पठाउने वा मेलमिलापको लागि सामुदायिक मेलमिलाप केन्द्रमा सिफारिस गर्न सक्नेछ ।

**दफा ४७ (१) – विवाद समाधान गर्ने न्यायिक समितिको क्षेत्राधिकार**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ (१) अनुसार, न्यायिक समितिलाई निम्न १३ वटा निश्चित विषयमा विवाद समाधान गर्ने अधिकार प्राप्त हुन्छ :

(क) आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग;
(ख) अर्काको बाली नोक्सानी गरेको ;
(ग) चरण, घाँस, दाउरा;
(घ) ज्याला मजुरी नदिएको
(ङ) घरपालुवा पशुपंक्षी हराएको वा फेला परेको ;
(च) जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको;
(छ) नाबालक छोरा छोरी वा पती पत्नीलाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दिक्षा नदिएको;
(ज) वार्षिक पच्चीस लाख रुपैयाँसम्मको बिगो भएको घर बहाल र घर बहाल सुविधा ;
(झ) अन्य व्यक्तिको घर, जग्गा वा सम्पत्तिलाई असर पर्ने गरी रुख बिरुवा लगाएको ;
(ञ) आफ्नो घर वा बलेसीबाट अरुको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको ;
(ट) सँधियारको जग्गा तर्फ झ्याल राखी घर बनाउनु पर्दा कानून बमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडी बनाएको;
(ठ) कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वकालदेखि सार्वजनिक रूपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्त्यष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुर्‍याएको; र
(ड) संघीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरूपण हुने भनी तोकेका अन्य विवाद ।

21 धारा २१७ (१), कानुन बमोजिम आफ्नो क्षेत्राधिकार भित्रका विवाद निरुपण गाउँपालिका वा नगरपालिकाले प्रत्येक गउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहनेछ । । उपदफा (२) अनुसार उपदफा (१) बमोजिमको न्यायिक समितिमा गाउँ सभा वा नगर सभाबाट आफू मध्येबाट निर्वाचित गरेका दुई जना सदस्यहरु रहनेछन् ।

22 धारा १४८ (२) अनुसार, “प्रदेश कानुनबमोजिम स्थापना भएको स्थानीय स्तरका न्यायिक निकाय जिल्ला अदालतको मातहतमा रहनेछन् । जिल्ला अदालतले आफ्नो मातहतका न्यायिक निकायहरुहरुको निरीक्षण एवम् सुपरिवेक्षण गर्न र आवश्यक निर्देशन दिन सक्नेछ ।”

स्थानीय सरकार संचालन ऐनको दफा ४७ (२) अनुसार निश्चित विवाद न्यायिक समितिले मेलमिलापको माध्यमबाट मात्र समाधान गर्नु पर्दछ र मेलमिलाप प्रक्रिया असफल भएको अवस्थामा सो विवाद निरुपणको लागि सम्बन्धित जिल्ला अदालतमा जानको लागि सम्बन्धित पक्षलाई जानकारी दिई सम्बन्धित मिसिल तथा कागजात सम्बन्धित जिल्ला अदालतमा पठाइ दिनु पर्दछ। निम्न एघार निश्चित विवादहरुको निरुपण मेलमिलापबाट गर्ने क्षेत्राधिकार न्यायिक समितिमा रहेको छ:

**दफा ४७ (२) - मेलमिलापबाट विवाद समाधान गर्ने न्यायिक समितिको क्षेत्राधिकार :**
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ (२) अनुसार निम्न ११ निश्चित विषयमा न्यायिक समितिले मेलमिलापको माध्यमबाट विवादको निरुपण गर्न सक्दछ :

(क) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्कोले चापी, मिची वा घुसाई खाएको;
(ख) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको;
(ग) पति पत्नी बीचको सम्बन्ध विच्छेद;
तर पति पत्नी बीचको सम्बन्ध विच्छेद हुने गरी मेलमिलाप गर्न सकिने छैन ।
(घ) अंगभंग बाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट;
(ङ) गाली बेइज्जती;
(च) लुटपिट;
(छ) पशुपंक्षी छाडा छाडेको वा पशुपंक्षी राख्दा वा पाल्दा लापरवाही गरी अरुलाई असर पारेको;
(ज) अरुको आवासमा अनधिकृत प्रवेश गरेको;
(झ) अरुको हक भोगमा रहेको जग्गा आवाद वा भोगचलन गरेको;
(ञ) ध्वनी प्रदुषण गरी वा फोहरमैला फालेर छिमेकीलाई असर पुर्याएको;
(ट) प्रचलित कानुन बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति वादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद ।

स्थानीय सरकार संचालन ऐनको दफा ४७ (२) मा सुचीकृत गरिएका विषयमा विवाद परेका पक्षले न्यायिक समिति वा जिल्ला अदालत मध्ये जुनसुकै निकायमा मुद्दा दायर गर्न सक्दछन् ।[23] यसैगरी स्थानीय सरकार संचालन ऐनको दफा ५१ ले न्यायिक समितिको निर्णयबाट असन्तुष्ट पक्षलाई न्यायिक समितिले निर्णय गरेको ९० दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न मार्ग प्रशस्त गरेर पक्षको अधिकारको संरक्षण गर्दछ ।

निश्चित विवादहरुको व्यवस्थापन गर्ने कार्यविधी स्थानीय सरकार संचालन ऐनमा स्पष्ट व्यवस्था गरिएको छ र धेरै न्यायिक समितिहरुले समिति संचालनका लागि थप मार्गनिर्देशनहरु जारी गरेका छन् । स्थानीय सरकार संचालन ऐन अनुसार, दफा ४७ (१) र (२) अन्तर्गत सुचीकृत सबै विवादहरुमा मेलमिलाप गर्न न्यायिक समितिहरुले प्रयास गर्नेछ। यदि मेलमिलापको प्रयास असफल भएमा, दफा ४७ (२) का मुद्दाहरु निर्णयको लागि अदालतसमक्ष पठाउनु पर्दछ। स्थानीय सरकार संचालन ऐनले न्यायिक समितिलाई सबै पक्षको सर्वसम्मतिमा मेलमिलाप गर्न प्रेरित गर्ने अधिकार प्रदान गरेको छ।[24] यस व्यवस्थाले न्यायिक समिति समक्ष दर्ता भएका सबै मुद्दामा मेलमिलापलाई[25] प्राथमिकता दिने भन्ने स्पष्ट दर्शाउँछ।

स्थानीय सरकार संचालन ऐनको दफा ४९ (१०) ले न्यायिक समितिलाई दफा ४७ मा सुचीकृत विवादमा मेलमिलाप गर्न सबै वडामा मेलमिलाप केन्द्र स्थापना गर्ने अधिकार दिएको छ । ऐनको दफा ४९ (३) अनुसार, न्यायिक समितिमा सुचीकृत मेलमिलापकर्ताको माध्यमबाट समितिले मेलमिलाप गर्नं पर्ने हुन्छ। मेलमिलाप सम्बन्धी ऐन २०६८ को दफा २२ ले निश्चित अवधिको मेलमिलाप सम्बन्धी तालिम पूरा गरेको हुनु पर्ने लगायतका मेलमिलापकर्ताको योग्यता किटान गरेको भएतापनि स्थानीय कानुनको अभावमा मेलमिलाप सम्बन्धी ऐनमा तोकिएको योग्यता न्यायिक समितिका लागि काम गर्ने मेलमिलापकर्ताका हकमा पनि लागू हुन्छ कि हुँदैन भन्ने स्पष्ट छैन। यसको अतिरिक्त न्यायिक समितिका सदस्यहरु स्वयम्ले आफ्नो क्षेत्राधिकार भित्रका मुद्दामा मेलमिलापकर्ताका रुपमा काम गर्न सक्छन् कि सक्दैनन् भन्नेमा सम्बन्धमा स्थानीय सरकार संचालन ऐन मौन छ। आइसीजेको जानकारीमा आए अनुसार, धेरै न्यायिक समितिहरुका सर्न्दभमा समितिका संयोजकहरु स्वयम् नै मुद्दाको छलफल र मेलमिलापको प्रक्रियामा संलग्न भएको पाइएका छन् । उदाहरणका लागि दमक नगरपालिकाको उपप्रमुखले आइसीजेलाई बताए अनुसार, उनी उपप्रमुख पदमा निर्वाचित भएपछि न्यायिक समिति समक्ष आउने सबै मुद्दाहरुमा न्यायिक समितिको संयोजकलाई मेलमिलापकर्ताको भूमिका निर्वाह गर्नको लागि अधिकतम माग रहेको छ ।

---

23 स्थानीय सरकार संचालन ऐनको दफा ४७ (३) अनुसार, *“दफा ४७ (२) सँग सम्बन्धित विवाद भएमा, सम्बन्धित पक्षले चाहेमा उसले अदालतमा सिँधै मुद्दा दर्ता गर्न रोक लगाएको मानिने छैन ।*

24 स्थानीय सरकार संचालन ऐन २०७४, दफा ४९ ।

25 मेलमिलाप सम्बन्धी ऐन, २०६८ ले विवादमा रहेका पक्षहरुबीच सहजीकरण गर्ने मेलमिलापकर्ताका कार्यादेश परिभाषा गर्दछ। ऐनको दफा २(१) अनुसार, *“मेलमिलापकर्ता” भन्नाले यो ऐन अनुसार नियुक्त भएको मेलमिलापकर्ता जनाउँछ जसले मेलमिलापमा सहभागी पक्षहरुबीच लेनदेन सहजीकरण गराएर स्वेच्छिक सहमतिमा पुग्न प्रेरित गर्दछन् ।*

मेलमिलाप परिषद् लगायत विभिन्न संघसंस्थाबाट मेलमिलापकर्ताको तालिम प्राप्त गरेका मेलमिलापकर्ताको सुची केही न्यायिक समितिहरुले तयार गरेको तथ्य आइसिजेले भ्रमणको क्रममा पाएको थियो । त्यस्तो अवस्थामा, मुद्दाका पक्षहरुले सुचीमा रहेका मेलमिलापकर्ताहरु मध्ये बाट एकजना मेलमिलापकर्ता रोज्न पाउँछन् । अन्य केही न्यायिक समितिहरुले भने न्यायिक समितिमा मेलमिलापकर्ताको सुची तयार गर्नु भन्दा वडा तहमा स्थापित "मेलमिलाप केन्द्रहरु" मा मुद्दाहरु पठाउने गरेको पाइयो । स्थानीय सरकार संचालन ऐनको दफा ४९ (१०) ले न्यायिक समितिहरुलाई स्थानीय सरकार संचालन ऐनको दफा ४७ बमोजिम दर्ता भएका मुद्दाहरुमा सहजीकरण गर्न प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गर्ने अधिकार दिएको छ ।[26] त्यसैगरी स्थानीय सरकार संचालन ऐनको दफा ४७ बमोजिम स्थानीय तहमा दर्ता भएका मुद्दाहरुमा सहजीकरण गर्न प्रायः सबै वडाहरुमा मेलमिलाप केन्द्रहरु स्थापना गरिएको पाइएको छ । वडा तहमा मेलमिलाप असफल भएमा, त्यस्ता मुद्दाहरु न्यायिक समितिमा नै फिर्ता पठाइने र न्यायिक समितिले त्यस्ता विवादको निरुपण गर्ने वा स्थानीय सरकार संचालन ऐनको दफा ४७ (२) बमोजिमका मुद्दाहरु सम्बन्धित अदालतमा निरुपणको लागि पठाउने गरेको पाइएको छ ।[27]

संविधानले स्थानीय निकायलाई मेलमिलाप सम्बन्धी स्थानीय कानुन निर्माण गर्न अधिकार प्रदान गरेको छ । तथापि धेरै न्यायिक समितिहरुले त्यस्तो कानुन बनाउन बाँकी नै रहेको छ । त्यसैकारण मेलमिलाप सम्बन्धी स्थानीय कानुन निर्माण भइ नसकेको अवस्थामा स्थानीय निकायले संघीय मेलमिलाप सम्बन्धी ऐन, २०६८ नै अनुसरण गर्नु पर्दछ कि पर्दैन भन्ने द्विविधा छ । यसको अतिरिक्त स्थानीय सरकार संचालन ऐनका धेरै व्यवस्था मेलमिलाप सम्बन्धी ऐनको व्यवस्था अनुकूल छैन । उदाहरणका लागि मेलमिलाप सम्बन्धी ऐनले सोही मुद्दामा अदालतमा कारवाहीको क्रममा मेलमिलापको क्रममा भएका प्रक्रियाहरुको गोपनीयता कायम राख्नु पर्ने कुराको सुनिश्चिता गर्नु गर्दछ ।[28] यसको विपरित स्थानीय सरकार संचालन ऐनले कुनै पक्ष जिल्ला अदालत समक्ष जाने निर्णयमा पुगेमा न्यायिक समितिमा भएको मेलमिलाप प्रक्रियाबारे जिल्ला अदालतलाई जानकारी दिनु पर्ने व्यवस्था गरेको छ ।[29]

## लैङ्गिक उत्तरदायी न्यायको सुनिश्चितता सम्बन्धी व्यवस्था

सम्बन्ध विच्छेद, मानाचामल र घरेलु हिंसा लगायतका महिलाहरु संलग्न हुने निश्चित मुद्दाहरु न्यायिक समितिको क्षेत्राधिकार भित्र पर्दछ । स्थानीय सरकार संचालन ऐनको दफा ४७ (१) र (२) अन्तर्गतका मुद्दाहरुका हकमा विवाद समाधान गर्न वा विवादका पक्षहरुबीच मेलमिलाप गर्ने अधिकार ऐनले न्यायिक समितिलाई प्रदान गरेको छ । निश्चित देवानी मुद्दा र बढीमा एक वर्षसम्म कैद सजाय हुन सक्ने फौजदारी विवादमा मुद्दा हेर्ने अधिकार न्यायिक समितिलाई प्राप्त छ ।[30]

जेष्ठ नागरिकको संरक्षण सम्बन्धी वा पति पत्नी बीचको विवादसँग सम्बन्धित मुद्दामा पीडित, बालबालिका वा विवादको पक्ष रहेका व्यक्तिसँग आश्रित रहेका अन्य व्यक्तिहरुको तत्काल संरक्षणका लागि न्यायिक समितिले अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सक्दछ ।[31] अन्तरिम संरक्षणात्मक आदेश पीडित र तिनका परिवारलाई स्वास्थ्य सेवा र/वा आश्रय र संरक्षण प्रदान गर्न लक्षित हुन्छ । महिला र बालबालिका विरुद्ध हुने हिंसाबाट उनीहरुलाई संरक्षण प्रदान गर्ने र उनीहरुका तात्कालिक आवश्यकता सम्बोधन गर्ने यो महत्वपूर्ण र उल्लेखनीय उपाय हो । यस्तो अवस्थामा न्यायिक समितिले आफ्नो आदेशको प्रभावकारी कार्यन्वयन गराउनका लागि सम्बन्धित निकायहरुसँग संयोजन गर्नु पर्ने हुन्छ ।

---

26 मेलमिलाप सम्बन्धी नियमावली २०७० अनुसार, स्थानीय तहले सूची निर्माण गर्न योग्य मेलमिलापकर्ताबाट आवेदन माग गर्न सक्दछ, जहाँ मेलमिलापकर्ताको रुपमा सुचीकृत भएर मेलमिलाप प्रक्रियामा सहयोग गर्न योग्य मेलमिलापकर्ताले आवेदन दिन सक्दछन् (मेलमिलाप नियमावलीको नियम ३, ४, ५ र ६) ।

27 स्थानीय सरकार संचालन ऐन २०७४, दफा ४९ (२) र (४) ।

28 मेलमिलाप सम्बन्धी ऐन २०६८, दफा ३७ अनुसार, "पक्षहरु वा विद्यमान कानुनले व्यवस्था गरेबाहेक मेलमिलापका सबै प्रक्रिया गोप्य राखिनेछ ।"

29 स्थानीय सरकार संचालन ऐन, २०७४, दफा ४९ ।

30 *ऐजन,* दफा ४७ (१) र (२) ।

31 *ऐजन,* दफा ४९ (८) ।

**दफा ४९ (८) - अन्तरिम संरक्षणात्मक आदेश सम्बन्धी व्यवस्था :**
स्थानीय सरकार संचालन ऐनको दफा ४९ (८) अनुसार अन्तरिम संरक्षणात्मक आदेश निम्न आदेशहरु सहित जारी गर्न सकिन्छ :

(क) पीडितलाई निज बस्दै आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न;
(ख) पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उपचार गराउन;
(ग) पीडितलाई अलग रुपमा बसोबासको प्रवन्ध गर्नु पर्ने देखिएमा सोको व्यवस्था गर्न र त्यसरी अलग बस्दा निजको भरणपोषणको लागि उचित व्यवस्था गर्न;
(घ) पीडितलाई गालीगलौज गर्ने, धम्की दिने वा असभ्य ब्यवहार गर्ने कार्य नगर्न नगराउन; र
(ङ) पीडितको हित र सुरक्षाको लागि अन्य आवश्यक र उपयुक्त कुरा गर्न वा गराउन ।

न्यायिक समितिलाई सम्बन्ध विच्छेद मुद्दामा मेलमिलाप समेत गरिदिने[32] र पति पत्नीको विचको विवाद समाधानको प्रयत्न गर्ने अधिकार हुन्छ । यदि मेलमिलापको प्रयत्न असफल भएमा, न्यायिक समितिले विषयको निरुपणको लागि उक्त मुद्दा जिल्ला अदालतमा पठाउनु पर्दछ । वैकल्पिक रुपमा, विवादका पक्षहरुले चाहेमा, कानुनमा व्यवस्था भए बमोजिम सिधैं जिल्ला अदालतमा सम्बन्ध विच्छेदको मुद्दा दायर गर्न सक्दछ ।[33]

घरेलु हिंसा सम्बन्धी केही निश्चित मुद्दामा न्यायिक समितिले सुनुवाई र मेलमिलाप गर्न सक्दछ । घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६[34] ले "स्थानीय निकायले" घरेलु हिंसा सम्बन्धी मुद्दा दर्ता गर्ने र सुनुवाई गर्ने अधिकार प्रदान गरेको छ ।[35] घरेलु हिंसा सम्बन्धी ऐनले न्यायिक समिति नै घरेलु हिंसाका मुद्दामा न्याय सम्पादन गर्ने जिम्मेवार स्थानीय निकाय हो भनेर किटान नगरेतापनि, स्थानीय सरकार संचालन ऐनको दफा ४७ (२)(घ) ले बढीमा एक वर्षसम्म कैद सजाय हुन सक्ने अंगभंग बाहेकका कुटपिट सम्बन्धी मुद्दाको सुनुवाई र मेलमिलाप गर्ने अधिकार न्यायिक समितिलाई प्रदान गर्दछ । घरेलु हिंसा सम्बन्धी ऐनले अंगभंग, एसीड आक्रमण र यौनजन्य हिंसा बाहेकका अन्य घरेलु हिंसाका मुद्दामा पिडकलाई बढीमा ६ महिनासम्मको कैद सजाय दिने व्यवस्था गरेको छ ।[36] तर न्यायिक समितिले अंगभंग, एसीड आक्रमण र यौनजन्य हिंसाका मुद्दाहरुको सुनुवाई गर्न सक्दैन । यदि यस्ता मुद्दाहरु न्यायिक समिति समक्ष आएमा विवादका पक्षहरुलाई प्रहरी समक्ष जाहेरी दर्खास्त दर्ता गर्न समितिले सुझाव दिनु पर्दछ ।[37]

घरेलु हिंसा परिवारभित्र वा नजिकका नाता सम्बन्ध बीच हुने गम्भीर एवं हिंसाजन्य अपराध भएको हुनाले स्थानीय सरकार संचालन ऐनको यो व्यवस्था अस्पष्ट र समस्याग्रस्त रहेको छ । अंगभंग, एसीड आक्रमण र यौनजन्य हिंसाको अवस्था नभएतापनि, स्वच्छ सुनुवाई र कानुनको उचित प्रक्रिया सम्बन्धी मापदण्डको पालना गर्न घरेलु हिंसा सम्बन्धी मुद्दा न्यायिक निकायले निरुपण र फैसला गर्नु पर्दछ ।

बलात्कार र लैङ्गिक हिंसाका मुद्दा लगायत स्थानीय सरकार संचालन ऐनको दफा ४७ (२) मा सुचीकृत भएका मुद्दाका विवाद मेलमिलापको माध्यमबाट मात्र समाधान गर्ने न्यायिक समितिको कार्यादेश केही न्यायिक समितिहरुले दुरुपयोग गरेको जानकारी प्राप्त भएको छ । उदाहरणका लागि बाजुरा जिल्लाको गौमुले गाउँपालिकाले पीडितलाई केही रकम दिएर बलात्कारको मुद्दा मेलमिलापको माध्यमबाट टुंगो लगाएको समाचार प्रकाशित भएको थियो ।[38]

32 मुलुकी देवानी संहिताको दफा ९६ अनुसार सम्बन्ध विच्छेदसँग सम्बन्धित विषय जिल्ला अदालतबाट निरुपण गरिनु पर्दछ ।

33 स्थानीय सरकार संचालन ऐन, २०७४, दफा ४७ (३) ।

34 घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ यहाँ उपलब्ध : https://www.lawcommission.gov.np/en/wp-content/uploads/2018/10/domestic-violence-crime-and-punishment-act-2066-2009.pdf

35 *ऐजन,* दफा ४ अनुसार, "घरेलु हिंसाका घटना भएको वा हुने वा हुनसक्छ भन्ने जानकारी कुनै व्यक्तिलाई भएमा, उक्त विवरणहरु खुलाएर प्रहरी कार्यालय, राष्ट्रिय महिला आयोग वा स्थानीय निकायमा लिखित वा मौखिक उजुरी दिन सक्दछ ।"

36 *ऐजन,* दफा १३ (१क) ।

37 *ऐजन,* दफा ५क र १२ग ।

38 महिला हिंसा सम्बन्धी मुद्दा बाजुरामा अदालत भन्दा बाहिर सहमति गरिएको, द हिमालयन टाइम्स, सन् २०१८ सेप्टेम्बर २९ मा प्रकाशित, यहाँ उपलब्ध : https://thehimalayantimes.com/ampArticle/236619?fbclid=IwAR3VsdZxATWW7hdT12DgWFxTAuOi4QzQ87Xy0B_OHVjjQO2P39jgovilM0s

## न्यायिक समितिले सामना गरेका सकारात्मक अभ्यास र सामना गरेका चुनौतिहरुः

व्यक्ति विशेषलाई न्यायमा छिटो, प्रभावकारी र कम खर्चिलो पहुँच सुनिश्चित गर्नुका साथै न्याय सम्पादन कार्यलाई स्थानीयकरण गर्न गराउन संविधान मार्फत न्यायिक समितिको स्थापना गरिएको हो । न्याय पहुँचयोग्य मात्र नभएर प्रभावकारी पनि छ भन्ने सुनिश्चित गर्न न्यायिक समितिहरु स्थापना गरिएको हो । स्थानीय तहमा न्यायिक समितिहरुको स्थापना गर्नाले न्यायिक प्रक्रियालाई व्यवस्थित गर्दै कानुनी विवादलाई छिटोछरितो रुपमा समाधान गर्न सकिन्छ ।

औपचारिक न्याय संयन्त्र मार्फत न्याय माग गर्दा मानिसहरुले सामना गर्नु पर्ने अवरोधहरुको न्यूनीकरण गर्न र कुनै पनि व्यक्तिको बासस्थान, आर्थिक आय आर्जन, उमेर, लिङ्ग, आर्थिक हैसियत र अन्य हानीकारक परिस्थिती लगायत कुनै पनि स्थितीको आधारमा सबै व्यक्तिको न्याय प्रणालीमा पहुँच रहन्छ भन्ने सुनिश्चित गर्न न्यायिक समितिहरुको व्यवस्था गरिएको हो ।

पहिलो न्यायिक समितिहरुको कार्यकाल सन् २०२२ मे मा सम्पन्न भयो । यस कार्यकालमा, कम्तिमा केही क्षेत्र र केही स्थानमा निश्चित तवरले सकारात्मक लैङ्गिक उत्तरदायी न्याय सम्पादनको अभ्यास आरम्भ भयो । तथापि पहिलो न्यायिक समितिले आफ्नो कार्यकालको अन्त्य सम्ममा, न्यायसंगत नीति, कार्यान्वयन सम्बन्धी मार्गनिर्देशन, क्षमताको अभाव तथा आफ्नो क्षेत्राधिकार र कामको जिम्मेवारी सम्बन्धी स्पष्ट जानकारीको अभावमा यी समितिहरु आशातित जिम्मेवारी पूरा गर्न सफल भएनन् । दोस्रो न्यायिक समितिको कार्यकाल आरम्भ हुँदाको अवस्थामा पनि न्यायिक समितिहरुले आफ्नो कार्यादेश पुरा गर्ने क्रममा यी चुनौतिहरुको सामना गररिहेका छन् ।

## न्यायिक समितिहरुले सामना गरेका मुख्य चुनौतिहरु :

स्थानीय सरकार संचालन ऐनमा व्यवस्था गरिएको न्यायिक समितिहरुको कार्यादेश सम्बन्धमा अस्पष्टता निरन्तर कायम छ । अन्तर्राष्ट्रिय र घरेलु कानुन तथा मापदण्डहरु अनुरुप निष्पक्ष सुनुवाईको अधिकार सुनिश्चित गर्न कानुन बमोजिम गम्भीर अपराधका मुद्दा नियमित अदालतबाट फैसला गरिनु पर्दछ । यो व्यवस्था नेपालको संविधान[39] र आईसीसीपीआरको धारा १४ (१) ले सुनिश्चित गरेको छ ।[40]

न्यायिक समितिको नेतृत्वमा सामान्यतया कानुन व्यवसायी नभई राजनीतिक रुपमा चुनिएका स्थानीय जनप्रतिनिधि रहने भएकोले, स्थानीय तहका सानातिना विवाद समाधान गर्न समिति सक्षम हुने भएतापनि गम्भीर प्रकृतिका मुद्दाहरु फैसला गर्ने क्षमता, दक्षता, विशेषज्ञता र निष्पक्षता रहन सक्ने अप्ठ्यारो अवस्था न्यायिक समितिमा हुन सक्दछ । जसको परिणमस्वरुप, समितिहरुले निष्पक्षता, कानुनको उचित प्रक्रिया र स्वच्छ सुनुवाईको अधिकारको सुनिश्चितता नगर्न सक्दछ । उदाहरणको रुपमा केही न्यायिक समितिहरुले बलात्कार लगायतका महिला हिंसाका मुद्दा, अदालत बाहिर मेलमिलाप गराएर गलत तवरले विवादको समाधान गरेका छन् ।[41] क्षेत्राधिकार सम्बन्धी यस्ता अभ्यास वा क्रियाकलापले न्यायिक समिति प्रतिको विश्वास अवमूल्यन गर्न सहयोगी भूमिका मात्र निर्वाह गरेको छ ।[42]

नेपाली तथा अन्तर्राष्ट्रिय कानुन तथा मापदण्डहरुसँग सुसंगत हुने गरी उपयुक्त मुद्दाहरुमा महिलाहरुको न्यायमा पहुँच कायम गर्न न्यायिक समितिहरु प्रभावकारी माध्यम हुने सुनिश्चित गर्न निम्न महत्वपूर्ण विषयहरु सम्बोधन गर्न जरुरी छ :

39 नेपालको संविधान, २०७२ को धारा २० (९) का अनुसार, “प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाईको हक हुनेछ ।”

40 नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा १४ (१) अनुसार, “सबै व्यक्तिहरु अदालत तथा न्यायिक निकायको नजरमा समान हुन्छन् । उनको विरुद्ध कुनै फौजदारी अभियोगमा निर्णय गर्ने सम्बन्धमा वा कानुनी विवादमा निजको हक अधिकार र दायित्वको निर्धारणको सम्बन्धमा सबै लाई कानुनमा व्यवस्थाबमोजिम अधिकार प्राप्त, स्वतन्त्र र निष्पक्ष न्यायिक निकायबाट निष्पक्ष र सार्वजनिक सुनुवाई प्राप्त गर्ने अधिकार सुनिश्चित रहेको हुन्छ ।”

41 महिला विरुद्धको हिंसा सम्बन्धी मुद्दामा बाजुरा जिल्लामा अदालत भन्दा बाहिर सहमति गरिएको, द हिमालयन टाइम्स, सन् २०१८ सेप्टेम्बर २९ मा प्रकाशित, यहाँ उपलब्ध : https://thehimalayantimes.com/ampArticle/236619?fbclid=IwAR3VsdZxATWW7hdT12DgWFxTAuOi4QzQ87Xy0B_OHVjjQO2P39jgovilM0s

42 घरेलु हिंसाका पीडितले न्यायको लागि न्यायिक समितिभन्दा प्रहरीमा जान रुचाउँछन्, द काठमाडौं पोष्ट, सन् २०२० जनवरी २९ मा प्रकाशित, यहाँ उपलब्ध : https://kathmandupost.com/sudurpaschim-province/2020/01/29/victims-of-domestic-violence-prefer-police-to-judicial-committee-for-justice?fbclid=IwAR1WzNJOtAQ8VIPONt8m5qq2YzcXPw88v_erFLJE9uQ14INtvNSgfCL_qJs

## १) न्यायिक समितिको क्षेत्राधिकार र कार्यादेश सम्बन्धमा स्पष्टताको अभाव

संविधानको धारा २१७ ले न्यायिक समितिहरुलाई आ-आफ्नो निश्चित क्षेत्राधिकार भित्र विवाद समाधान गर्ने अधिकार प्रदान गरेको छ भने स्थानीय सरकार संचालन ऐनको दफा ४७ (१) र (२) ले न्यायिक समितिहरुलाई निश्चित प्रकृतिका मुद्दाहरुमा मेलमिलाप तथा न्याय निरुपण गरी विवादको समाधान गर्ने कार्यादेश दिएको छ।

तथापि न्यायिक समितिहरुको भूमिका र कार्यादेश सम्बन्धी अस्पष्टताको कारणले कानुन कार्यान्वयन सम्बन्धमा द्विविधा सिर्जना गरेको छ। आधिकारिक नीति तथा मापदण्डको अभावमा न्यायिक समितिका फरक-फरक सदस्यहरुले निर्वाह गरेका भूमिका र काममा एकरुपता देखिँदैन । यस्तो एकरुपताको अभावमा केही अवस्थामा केही न्यायिक समितिहरुले आवश्यकताभन्दा बढी जिम्मेवारी बहन गरेको पनि पाइएको छ। उदाहरणका लागि केही न्यायिक समितिहरुले औपचारिक न्यायिक निकायको भूमिका अवलम्बन गरेका छन् भने अन्य केही न्यायिक समितिहरु मुख्य रुपमा मेलमिलाप केन्द्र रुपमा वा सिफारिस गर्ने संयन्त्रको रुपमा क्रियाशील छन् ।

आईसिजेले न्यायिक समितिका पदाधिकारीहरुसँगको परामर्शको क्रममा न्यायिक समितिको भूमिका तथा यसको कार्यान्वयनलाई लिएर भिन्न भिन्न बुझाई रहेको पायो । न्यायिक समितिका बहुसंख्यक अध्यक्षहरुले स्थानीय सरकार संचालन ऐनले तोकेको मुद्दाहरुमा आफूलाई निर्णयकर्ताको रुपमा लिई मूलतः आफुलाई शुरु तहको अदालतको न्यायाधिशको रुपमा लिएको पाईयो । जबकी न्यायिक समितिका केही त्यस्ता सदस्यहरु पनि छन्, जसले आफ्नो ध्यान हरेक मुद्दामा मेलमिलाप गराउनमा मूलतः केन्द्रीत गरेका छन् । केही न्यायिक समितिहरुले वडा तहको मेलमिलाप केन्द्रमा मुद्दा सिफारिस गरि पठाउने गरेको पाइयो भने अन्य केहीले समितिमा नै मेलमिलापकर्ताका सूची तयार गरेका छन् । केही अवस्थाहरुमा न्यायिक समितिका सदस्यहरु आफैंले मेलमिलापको प्रक्रिया संचालन गरेको पाइएको छ ।

न्यायिक समितिहरुको कार्यादेश स्पष्ट गर्ने उद्देश्यले तथा न्यायिक समितिहरुको कार्यादेशलाई चुनौति दिँदै दर्ता भएको रिट निवेदन हाल नेपालको सर्वोच्च अदालतमा विचाराधीन रहेको छ ।[43]

न्यायिक समितिलाई कस्तो प्रकृतिका मुद्दाहरु हेर्ने अधिकार छ भन्ने सवालमा न्यायिक समितिहरु बीचमा भिन्न भिन्न विचार विद्यमान रहेको आइसीजेले पाएको छ। स्थानीय सरकार संचालन ऐनको दफा ४७ (१) र (२) मा सुचिकृत गरिएको विवादहरुमा मात्र न्यायिक समिति सीमित रहनु पर्ने भन्ने केही समिति सदस्यहरुको बुझाई रहेको छ। तथापी आफ्नो क्षेत्राधिकार आफैं निर्धारण गर्ने क्षमतामा नभएको कारण स्थानीय जनप्रतिनिधिको हैसियतले आफू समक्ष आएका सबै मुद्दाको सुनुवाई गर्ने अधिकार न्यायिक समितिलाई छ भन्ने अन्य केही सदस्यहरुको धारणा रहेको पाईयो । फलस्वरुप प्रत्येक न्यायिक समितिले हेरेको मुद्दाहरुको कुल संख्यालाई हेर्दा व्यापक असमानता रहेको पाईयो । उदाहरणको रुपमा सुनसरी जिल्ला, इनरुवा नगरपालिकास्थित न्यायिक समितिले केवल ३१ वटा मुद्दा दर्ता गरेको पाईयो भने झापा जिल्ला, दमक नगरपालिकाको न्यायिक समितिले ४५० भन्दा बढी मुद्दाहरु दर्ता गरेको पाईएको थियो ।

## २) स्पष्ट कार्यविधी र कार्यान्वयन निर्देशिकाको अभाव

नेपालको संविधानको अनुसूची ८ ले मेलमिलाप, मध्यस्थता र स्थानीय अदालतको व्यवस्थापनका लागि स्थानीय कानुन तथा नीतिहरु निर्माण गर्न स्थानीय सरकारलाई अधिकार प्रदान गरेको छ । स्थानीय सरकार संचालन ऐनको दफा १०२ ले नगरपालिका तथा गाउँपालिकालाई आफ्ना क्षेत्राधिकार भित्र कानुन निर्माण गर्न मार्ग प्रशस्त गरेको छ। त्यसैगरी आवश्यकता अनुसार अन्य नियमावली, निर्देशिन, कार्यविधी र अन्य मापदण्डहरु जारी गर्न स्थानीय कार्यकारीसँग कार्यादेश कायम रहन्छ ।

यसको अतिरिक्त स्थानीय सरकार संचालन ऐनले न्यायिक समितिले गरेको मेलमिलाप वा निर्णय कार्यपालिकाले तत्काल कार्यान्वयन गर्नु, गराउनु पर्नेछ गर्छन् भन्ने व्यवस्था गरेको छ। त्यसैगरी न्यायिक समितिले गरेको मेलमिलाप वा निर्णयको कार्यान्वयन सम्बन्धी व्यवस्था स्थानीय कानुन बमोजिम हुनेछ भन्ने व्यवस्था स्थानीय सरकार संचालन ऐनले गरेको छ ।[44] यो व्यवस्थाले न्यायिक समितिले गरेको मेलमिलाप र निर्णय कार्यान्वयन गर्ने सम्बन्धी स्थानीय कानुन निर्माण गर्ने अधिकार स्थानीय निकायलाई प्रदान गर्दछ । यो व्यवस्थाको वावजुद धेरै न्यायिक समितिहरुले ती कानुनहरु विना नै काम गरेको कारणले मेलमिलापको माध्यमबाट विवादका पक्षबीच भएका सहमतिहरु वा न्यायिक समितिका निर्णयहरु कार्यान्वयन नहुने अवस्था सिर्जना हुन्छ ।

संवैधानिक तथा कानुनी व्यवस्थाका वावजुद धेरै स्थानीय निकायहरुले सामुदायिक मेलमिलापसम्बन्धी कानुन, न्यायिक समितिले गरेका निर्णयहरुको कार्यान्वयन तथा मुद्दाको सुनुवाईसम्बन्धी कार्यविधी तथा निर्देशिका लगायतका विषयमा स्थानीय कानुनहरु निर्माण गर्न असमर्थ रहेका छन् । स्पष्ट नीति, निर्देशिका र संचालन कार्यविधीको अभावमा, न्यायिक समितिहरुले आफ्नो कार्य संचालनको क्रममा उल्लेखनीय कठिनाई र अस्पष्टताहरुको सामना गरिरहेका छन् । यसका अतिरिक्त आवश्यक स्थानीय कानुनको अभाव भएको अवस्थामा नेपालको संघीय कानुन लागू हुन्छ कि हुँदैन भन्ने समेत स्पष्ट छैन ।

43 बीरेन्द्र लाल जोशी विरुद्ध नेपालको प्रतिनिधिसभा समेत, सन् २०१८ डिसेम्बर २६ मा परमादेश रिट दर्ता भई हाल विचाराधीन रहेको ।

44 स्थानीय सरकार संचालन ऐन, २०७४, दफा ५२ ।

### ३) अपर्याप्त श्रोत साधन

पर्याप्त आर्थिक, प्राविधिक र प्रशासनिक श्रोत साधनको अभावमा न्यायिक समितिहरुलाई आफ्ना कार्यादेश प्रभावकारी रुपमा कार्यान्वयन गर्न उल्लेखनीय चुनौतिहरु खडा गरिदिन्छ । पहिलो न्यायिक समितिको कार्यकालमा (सन् २०१७-२०२२), सुनुवाई गर्ने उपयुक्त स्थानको अभावमा सुनुवाई प्रक्रिया अघि बढाउन कठिनाई भएको धेरै न्यायिक समितिहरुले जानकारी गराएका थिए । प्रारम्भिक चरणमा, केही न्यायिक समितिहरुसँग परामर्शका लागि छुट्टै कोठा पनि थिएन जसकारण विवादका पक्षहरुको गोपनीयता र न्यायको माग गर्ने पीडितमाथि हुन सक्ने धम्की वा हानिको जोखिमलाई लिएर गम्भीर चिन्ताहरु प्रकट भएको थियो ।[45] विवादमा संलग्न पक्षहरुको गोपनीयता एवं सुरक्षा सुनिश्चित गर्न र विवाद निरुपणको प्रक्रियालाई प्रभावकारी रुपमा संचालन गर्न छुट्टै कोठा आवश्यक छ भन्ने विषयमा समितिहरुले जोड दिएका छन् ।

अपर्याप्त सुविधाहरुसँग सम्बन्धित चुनौतिभन्दा पनि मूलतः न्यायिक समितिका सदस्यहरु राजनीतिक रुपमा निर्वाचित व्यक्तिहरु हुने भएबाट यिनीहरुमा प्रभावकारी रुपमा मुद्दाहरु व्यवस्थापन गर्ने आवश्यक कानुनी ज्ञानको अभाव हुने तथा आवश्यक क्षमता र तालिम समेत प्राप्त नहुन सक्ने अवस्था अझ गहन चुनौतिको रुपमा विद्यमान रहेको छ । धेरै न्यायिक समितिहरुमा गरिएको भ्रमणको दौरानमा आइसीजेले मुद्दा दर्ता गर्ने र अभिलेख राख्ने लगायतका मुद्दा व्यवस्थापनका कार्यमा न्यायिक समितिहरुलाई सहयोग गर्नको लागि पर्याप्त संख्यामा कानुन अधिकृत र कार्यालय सहयोगीहरु नरहेको अवस्था पाएको थियो । विराटनगर उपमहानगरपालिका, दमक नगरपालिका, भद्रपुर नगरपालिका र इटहरी नगरपालिका लगायतका केही नगरपालिकाहरुमा नगरपालिकाका कानुनी सल्लाहकारहरुले न्यायिक समितिहरुलाई मुद्दाहरुका सम्बन्धमा कानुनी सल्लाह प्रदान गर्नुका साथै कानुनी सहायता समेत प्रदान गरेको पाइयो । यसको विपरित गाउँपालिकाका न्यायिक समितिहरुका हकमा कानुनी सल्लाहकारको कुनै व्यवस्था गरिएको पाइएन । उदाहरणका लागि धनकुटा जिल्लाको छथर जोरपाटी गाउँपालिकाको न्यायिक समितिको संयोजकले समितिमा कानुनी सल्लाहकार उपलब्ध नभएको र कुनै निश्चित मुद्दालाई लिएर कानुन वा कानुनी प्रक्रियाका बारेमा कुनै द्विविधा भए वा सल्लाह लिन आवश्यक परेको अवस्थामा आफुले व्यक्तिगत रुपमा चिनेका कानुन व्यवसायीसँग सम्पर्क गर्ने गरेको बताउनु भएको थियो ।

कुनै कानुनी पृष्ठभूमी नभएका वा सो सम्बन्धी तालिम समेत नलिएका कर्मचारीहरु केही न्यायिक समितिहरुमा कार्यरत रहेका कारण मुद्दा व्यवस्थापनमा धेरै कठिनाईहरु उत्पन्न भएको अवस्था आइसिजेले भ्रमणको क्रममा पाएको थियो । उदाहरणका लागि धनकुटा जिल्लाको पाखीबास नगरपालिकाको न्यायिक समितिका संयोजकले कानुनी पृष्ठभूमि भएका कुनै कर्मचारी न्यायिक समितिमा नभएको र नगरपालिका कार्यालयका कर्मचारी नै न्यायिक समितिमा पनि काम गरि रहेको बताएका थिए । जसका कारण मुद्दाको अभिलेख राख्ने, मुद्दाको कार्यविधीगत नियमहरु पालना गर्ने र न्यायिक समितिमा दर्ता भएका मुद्दाहरुको व्यवस्थापन गर्ने लगायतका कार्यमा कमजोरी रहेको पाइयो ।

कानुनी सल्लाहकार वा कानुन अधिकृत नराखिएको न्यायिक समितिमा समितिका सदस्यहरुमा मुद्दा व्यवस्थापन गर्नको लागि आवश्यक कानुनी ज्ञानको अभाव भएको आईसिजे पाएको थियो । न्यायिक समितिका सदस्यहरु आफूले व्यक्तिगत रुपमा चिनेका कानुन व्यवसायीहरुको सल्लाह र सहयोगमा नै निर्भर रहेका पाइएको थियो । यो व्यवस्था दिर्घकालीन रुपमा उपयुक्त नभएको र सबै न्यायिक समितिहरुलाई सहयोग गर्न कानुनसँग जानकार कर्मचारी नियुक्त गर्नु पर्दछ भन्ने सबैको स्पष्ट सुझाव थियो । आइसीजेले सम्पर्क गरेका न्यायिक समितिका सबैजसो सदस्यहरुले दक्ष कर्मचारीको सहयोगको अभावले न्यायिक समितिको प्रभावकारी कार्य सम्पादनमा गम्भीर अवरोध उत्पन्न भएको अवस्था स्वीकार गरेका थिए ।

विवादका पक्षहरु, विशेष गरेर असहाय व्यक्तिलाई पहुँचयोग्य कानुनी सहयोग वा कानुनी सहायता उपलब्ध नहुँदा न्यायिक समितिका सदस्यहरुको सीमित कानुनी ज्ञान र न्यायिक संरचनामा रहेको कमजोरीको अवस्थालाई झन् बढावा दिएको छ । न्यायिक समिति समक्ष आउने पक्षहरुले सामान्यतया निवेदन आफैं तयार गर्ने वा आफ्नै खर्चमा कानुन व्यवसायी राख्ने गरेकोले कानुन व्यवसायीको खर्च व्यहोर्न असमर्थ व्यक्तिका लागि न्याय प्राप्त गर्न थप अवरोध खडा भएको अवस्था आइसिजेले पाएको थियो । तथापि केही नगर पालिकाहरुले सीमित रुपमा भएपनि कानुनी सहयोग र कानुनी सहायता उपलब्ध गराउने गरेको पाइएको थियो । उदाहरणका लागि सुनसरी जिल्लाको इनरुवा नगरपालिकाको न्यायिक समितिले फारम भर्ने वा निवेदन लेख्नका लागि सेवाग्राहीलाई सहयोग गर्ने केही व्यवस्था मिलाइएको पाइएको थियो ।

45 न्यायिक समितिसँग झापामा छुट्टै कोठा छैन्, द हिमालयन टाइम्स, सन् २०१८ नोभेम्बर ६ मा प्रकाशित, यहाँ उपलब्ध : https://thehimalayantimes.com/nepal/judicial-committees-lack-separate-rooms-in-jhapa

स्थानीय तहको योजना तर्जुमा र बजेट निर्माण समिति गाउँपालिकाको उपाध्यक्ष वा नगरपालिकाको उपमेयरले नेतृत्व गर्ने भन्ने परिकल्पना स्थानीय सरकार संचालन ऐनले गरेको छ ।[46] स्थानीय तह वार्षिक योजना तथा वजेट तर्जमा सम्बन्धी मार्गदर्शन, २०७४ को व्यवस्था अनुसार, स्थानीय सरकारले शिक्षा, स्वास्थ्य र कृषि लगायतका विषयगत क्षेत्रमा बजेट विनियोजन गर्नं पर्ने हुन्छ । यसका बावजुद धेरै स्थानीय सरकारहरु विषयगत क्षेत्रको आधारमा बजेट विनियोजन गर्न असमर्थ रहेका छन् । यसका अतिरिक्त अधिकांश स्थानीय सरकारहरुले अन्य आवश्यकताहरुका तुलनामा सडक र अन्य भौतिक संरचना जस्ता संरचनागत विकासलाई प्राथमिकतामा राखेका छन् ।[47]

आइसीजेले परामर्श गरेको अधिकांश न्यायिक समितिहरुले आवश्यक वित्तीय श्रोतको अभाव नै न्यायिक समितिले स्वतन्त्र र प्रभावकारी रुपमा कार्य संचालन गर्न नसक्नुको प्रमुख अवरोधको रुपमा रहेको जानकारी गराएका थिए । पर्याप्त बजेट विनियोजन नभएको कारण कानुनी सल्लाहकार नियुक्त गर्न, उपयुक्त भौतिक संरचना निर्माण गर्न तथा महिला पीडितहरुका लागि सहयोगको व्यवस्था गर्न नसकेका कारण न्यायिक समितिहरुले आफ्नो कार्यसंचालनमा चुनौतिहरुको सामना गर्नु परेको न्यायिक समितिहरुले इंगित गरेका थिए । उदाहरणको लागि इनरुवा नगरपालिकाका उपमेयरले न्यायिक समितिसँग पर्याप्त बजेट नभएको र न्यायिक समितिको प्रभावकारी संचालनका लागि छुट्टै र पर्याप्त बजेटको व्यवस्था हुनु पर्ने बताएका थिए ।

### ४) तालिम प्रदान गर्ने सन्दर्भमा आवश्यक समन्वयको अभाव

न्यायिक समितिको स्थापना भए पश्चात, संघीय तथा स्थानीय सरकार, नागरिक समाजका संघसंस्था र दातृ निकायहरुले न्यायिक समितिका सदस्यहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न प्रकारका तालिमहरु संचालन गरेका छन् । तथापि यी निकायहरु विच समन्वयको अभावका कारण भएकोले कतिपय स्थानहरुमा धेरै संस्थाहरुले त्यही न्यायिक समितिलाई तालिम दिइएको अवस्था पाइएको छ । अधिकांश यस्ता तालिम सत्रहरु एक पटकको लागि मात्र संचालन हुने र तालिमहरु न्यायिक समितिका प्रमुखका लागि मात्र केन्द्रीत हुने कारण न्याय समितिसँग सम्बन्धित अन्य कर्मचारी र सदस्यहरुको क्षमता अभिवृद्धि र तालिमका सम्बन्धमा थोरै ध्यान जाने गरेको आईसिजेले पाएको थियो ।

न्यायिक समितिका सदस्यहरुसँगको अन्तर्वार्ताका क्रममा मेलमिलापको तालिम विशेष गरेर समुदाय स्तरको मेलमिलाप सम्बन्धी तालिम न्यायिक समितिका अधिकांश सदस्यहरुलाई प्रदान गरिएको जानकारी प्राप्त भएको थियो । तथापि न्यायिक समितिका सबै सदस्यहरुका साथै न्यायिक समितिलाई सहयोग गर्ने अन्य कर्मचारीहरुलाई दैनिक काममा आवश्यक पर्ने कानुन सम्बन्धी तथा अन्य क्षमता अभिवृद्धिका तालिमहरु आवश्यक भएको न्यायिक समितिका सदस्यहरुले बताएका थिए । न्यायिक समितिका बहुसंख्यक सदस्यहरुले आफूसमक्ष आइपर्ने मुद्दामा सान्दर्भिक हुने ज्ञान र कानुनी व्यवस्थाबारे उनीहरुलाई जानकार बनाउन देवानी तथा फौजदारी संहिता सम्बन्धी तालिम प्रदान गरिनु पर्ने सुझाव दिएका थिए । यसका अतिरिक्त नयाँ विकासक्रम र बदलिँदो अभ्यासबारे जानकारी प्राप्त गर्न निरन्तर रुपमा कानुनी तालिम संचालन गर्नु आवश्यक रहेको सुझावसमेत उनीहरुले दिएका थिए ।

हाल न्यायिक समितिहरुलाई तालिम दिदै आएका विभिन्न निकायहरुका बीचमा समन्वयात्मक रणनीति आवश्यक रहेको कुरा आइसीजेले महसुस गरेको थियो । यो संक्षिप्त टिप्पणीपत्रमा सुझाइएका विशेष सिफारिसहरुलाई ध्यान दिदै सबै न्यायिक समितिहरुका लागि एकीकृत तालिमको तर्जुमा गर्न र सोको विधिवत कार्यान्वयन गर्नका लागि समन्वयात्मक रणनीति तयार गर्नं उपयोगी हुने देखिन्छ ।

### ५) आफ्नो काममा लैङ्गिक संवेदनशिल अवधारणाको अभाव

संविधानको धारा १८ (२) का अनुसार, “सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिती, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा अन्य यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।”[48] तथापि मानिसहरुले विभिन्न आधारमा असमानता र विभेदको सामना गरिरहेका छन् जसकारण केही व्यक्तिहरु आफ्नो हैसियत वा समूहका आधारमा बहिष्करणमा परेका छन् । महिलाप्रति हुने लैङ्गिक पूर्वाग्रहपूर्ण सोँच र विभेदकारी मनोवृत्ति र व्यवहारले नेपाली समाजमा जरा गाडेको छ । न्याय प्रदान गर्ने निकाय तथा अधिकारीहरुको महिला प्रतिको लैङ्गिक पूर्वाग्रहपूर्ण सोच र व्यवहार नै महिलाको न्यायमा पहुँचमा रहेको मुख्य अवरोध हो ।

46 स्थानीय सरकार संचालन ऐन, २०७४, दफा ६७ ।

47 संघीय संरचनामा स्थानीय सरकारहरुबाट बजेट विनियोजन र कार्यान्वयन, सन् २०१९ सेप्टेम्बर, डेमोक्रेसी रिसोर्स सेन्टर, यहाँ उपलब्ध : https://www.democracyresource.org/wp-content/uploads/2019/09/DRCN-report-6-English-3Oct2019.pdf

48 नेपालको संविधान २०७२, धारा १९ (२) ।

राष्ट्रिय न्यायिक प्रतिष्ठान (एनजेए) ले सन् २०१७ मा प्रकाशन गरेको प्रतिवेदनमा औपचारिक न्याय संयन्त्रहरुमा लैङ्गिक संवेदनशीलताको अभाव रहेको अवस्था प्रकाशित गरेको थियो । न्याय संयन्त्रका संरचनाहरु महिलामैत्री बनाउनु पर्ने र न्याय क्षेत्रमा कार्यरत अधिकारीहरुलाई लैङ्गिक संवेदनशीलता सम्बन्धी तालिम दिनु पर्ने सिफारिस प्रतिवेदनमा गरिएको थियो ।[49] महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धी समिति (सिड समिति) ले सन् २०१८ मा नेपालको छैठौं आवधिक प्रतिवेदन माथीको निष्कर्षणात्मक टिप्पणीमा, न्यायिक समितिहरुलाई महिला अधिकारका साथसाथै महिला विरुद्ध हुने लैङ्गिक हिंसाका घटनामा अवलम्वन गर्नु पर्ने लैङ्गिक संवेदनशील अनुसन्धान र सोधपुछ प्रक्रियाका सम्बन्धमा राष्ट्रिय न्यायिक प्रतिष्ठानले अनिवार्य तालिम दिनु पर्दछ भन्ने सिफरिस गरेको थियो ।[50] आइसीजेले प्राप्त गरेको जानकारी अनुसार, राष्ट्रिय न्यायिक प्रतिष्ठानले हालसम्म त्यस्तो कुनै तालिम संचालन गरेको पाइएको छैन ।

मानाचामल, अंशवण्डा, सम्बन्ध विच्छेद र घरेलु हिंसा जस्ता न्यायिक समितिहरुमा दर्ता भएका अधिकांश मुद्दाहरुमा महिलाहरु पक्षको रुपमा रहेको आइसिजेले भ्रमणका क्रममा पाएको थिए । न्यायिक समितिका सदस्यहरुले बताए अनुसार, मुद्दा दर्ता भएपश्चात उनीहरुको पहिलो प्रयास मेलमिलाप हुने भए पनि विवादमा रहेका पक्षहरुलाई मेलमिलापको प्रक्रियामा सहभागी गराउन प्रायः कठिनाई हुने गर्दछ । यदि मेलमिलाप प्रक्रिया सफल नभएमा, कि त तिनले सो मुद्दा अदालतमा जान सिफारिस गर्ने वा उनीहरु आफैंले सो मुद्दामा फैसला गर्ने गरेको पाइएको छ । मेलमिलापको प्रयास असफल भएको अवस्थामा सो मुद्दा फैसलाका लागि अदालत पठाउनु उनीहरुको प्राथमिकतामा कुरा न्यायिक समितिका सदस्यहरुले बताएका थिए ।

आइसीजेले जानकारी प्राप्त गरे अनुसार, महिलासँग सम्बन्धित रहेका मुद्दाहरु मेलमिलाप गर्ने र विवादको निरुपण गर्ने प्रयासमा न्यायिक समितिका सदस्यहरु अधिकतम संलग्न हुने गरेका छन् । यस अवस्थामा, उनीहरुलाई लैङ्गिक संवेदनशीलता सम्बन्धी विशिष्टिकृत तालिम प्रदान नगरिनु अनिवार्य भएको छ । तथापि कुनै पनि न्यायिक समितिका सदस्यले लैङ्गिक संवेदनशीलता सम्बन्धी कुनै पनि तालिम प्राप्त नगरेको आईसिजेले जानकारी प्राप्त गरेको छ । न्यायिक समितिका सदस्यहरुले विना पूर्वाग्रह र संवेदनशील भएर महिला सम्बन्धित मुद्दाहरु हेर्न सकुन भन्ने सुनिश्चित गर्न उनीहरुलाई आवश्यक ज्ञान र सीप सम्बन्धी तालिम उपलब्ध गराउनु अत्यन्त महत्वपूर्ण हुन्छ ।

### ६) सम्बन्धित सरोकारवालसँग समन्वयको अभाव

मानव अधिकार उल्लंघन र दुर्व्यवहारका पीडितहरुको न्यायमा पहुँच सुनिश्चित गर्नमा सरकार र नागरिक समाजका साथै विभिन्न निकायहरुको बीचको समन्वय अत्यन्त महत्वपूर्ण हुन्छ । विशेष गरी घरेलु हिंसा तथा अन्य लैङ्गिकतामा आधारित हिंसा सम्बन्धी मुद्दामा पीडितहरुलाई तत्काल स्वास्थ्य उपचार सेवा, मनोसामाजिक परामर्श, आश्रय र निःशुल्क वा सस्तो कानुनी सहायता आवश्यक पर्ने अवस्थामा यस्तो समन्वय अत्यन्त महत्वपूर्ण हुन्छ । तसर्थ पीडितलाई समष्टिगत सहायता (Holistic Support) प्रदान गर्न सबै सम्बन्धित निकाय बीच स्थानीय तहमा समन्वय गरिनु न्यायिक समितिको लागि जरुरी हुन्छ ।

सहायता आवश्यक पर्ने व्यक्तिहरुका लागि छिटोछरितो सेवा सुनिश्चित गर्न न्यायिक समितिहरुले यस किसिमका सेवाहरु उपलब्ध गराउने संस्थाहरुको नक्साङ्कन (Mapping) गरी उपलब्ध सेवाहरु सम्बन्धमा डाइरेक्टरी तयार गर्ने तथा सिफारिस सम्बन्धी निर्देशिका तयार गर्नु पर्दछ । यसबाट न्यायिक समितिहरुलाई सम्बन्धित निकायसँग सम्बन्ध स्थापित गर्न र सञ्जाल तयार गर्न मार्ग प्रशस्त हुन्छ । केही न्यायिक समितिहरुले असल अभ्यास स्थापित गरिसकेका छन्, जसलाई देशव्यापी रुपमा अवलम्वन गर्नु पर्दछ । आइसीजेको भ्रमणको दौरानमा घरेलु हिंसाका पीडितहरुलाई सुरक्षित आवास उपलब्ध गराउन अन्य संघसंस्थासँग सहकार्य गरिरहेको अभ्यासको जानकारी विराटनगर उपमहानगरपालिकाका उपमेयरले आइसीजेलाई गराएका थिए । विभिन्न निकाय बीचको यस प्रकारको समन्वयले आवश्यकतामा परेका व्यक्तिलाई प्रभावकारी सहायता प्रदान गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

### ७) न्यायिक समितिको काममा ध्यान पुऱ्याउन समयाभाव

स्थानीय सरकार संचालन ऐनको दफा १६ ले न्यायिक समितिको संयोजकको रुपमा क्रियाशील रहनुका साथै स्थानीय कर निर्धारण समिति, गैरसरकारी संघ संस्थाका गतिविधिको समन्वय गर्ने, उपभोक्ताको हित संरक्षणसम्बन्धी कामको समन्वय गर्ने, सभा र कार्यपालिकाद्वारा गठित समितिहरुको काममा समन्वय तथा सहजीकरण गर्ने र योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गर्ने लगायत विभिन्न समितिहरुको नेतृत्व गर्न उपमेयर वा उपाध्यक्षलाई जिम्मेवारी तोकेको छ । यस्ता विभिन्न जिम्मेवारीमा पर्याप्त समय, विशेज्ञता र ज्ञान आवश्यक पर्ने भएकोले, प्रायः सबै न्यायिक समितिहरुले समय व्यवस्थापनमा कठिनाई सामना गर्नु परेको अवस्था आइसीजेको जानकारीमा आएको थियो । उदाहरणको रुपमा न्यायिक समितिले प्रभावित व्यक्तिहरुको कथा पूर्ण रुपमा सुन्न हम्मे हम्मे पर्ने गरेको यथार्थ अवस्था झापा जिल्ला, गौरादह नगरपालिकाका उपप्रमुखले आइसीजेलाई बताएका थिए ।

---

49 राष्ट्रिय न्यायिक प्रतिष्ठान (एनजेए), महिलाको न्यायमो पहुँचसम्बन्धी अध्ययन प्रतिवेदन, २०७२, यहाँ उपलब्ध : https://njanepal.org.np/public/reports/21021154555-Women%20access%20to%20justice.pdf (Nepali version)

50 महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी समिति, नेपालको छैंठौं आवधिक प्रतिवेदन अन्तिम अवलोकन, सन् २०१८, अनुच्छेद ११ (घ), सीइडिडब्लू/सी/एनपीएल/सीओ/६ ।

न्यायिक समितिका संयोजक तथा अधिकारीहरुले पीडितहरुको कथा सुन्नु पर्ने, निश्चित स्थानको भ्रमण गर्नु पर्ने र मुद्दाको सुनुवाईमा सहभागी हुनु पर्ने लगायतका विविध भूमिकाको कारणले उनीहरुलाई पर्याप्त समयको आवश्यकता पर्दछ। आफ्नो न्यायिक भूमिकाको लागि समयको व्यवस्थापन गर्न अत्यन्त कठिनाई भएको कुरा न्यायिक समितिका सदस्यहरुले भ्रमणको क्रममा आईसिजेलाई बताएका थिए। उदाहरणको लागि सबै प्रभावित व्यक्तिले उपप्रमुखलाई भेट्न र आफ्नो कथा बताउन चाहन्छन् तर यस्ता सबै मुद्दाको छलफल तथा मेलमिलाप प्रक्रियामा सहभागी हुन कठिन हुने कुरा झापा जिल्ला, दमक नगरपालिकाका उपप्रमुखले बताएका थिए।

## निष्कर्ष र सिफारिसहरु :

दोस्रो न्यायिक समितिहरुको कार्यकाल सन् २०२२ मे मा आरम्भ भएतापनि, व्यक्तिगत रुपमा समितिका सदस्यहरुबीच आफ्नो भूमिका र क्षेत्राधिकारसम्बन्धी कार्यादेश र सीमालाई लिएर समान बुझाई नरहेको अवस्था कायम रहेको पाइएको छ। स्थानीय सरकार संचालन ऐन लगायत न्यायिक समिति स्थापना गर्ने संवैधानिक प्रावधानको कार्यान्वयन गर्ने कानुनमा बस्तुगत कमजोरी रहेको छ। यसको अतिरिक्त अपर्याप्त प्राविधिक, भौतिक तथा वित्तिय श्रोतका साथसाथै यसमा आवश्यक नियम तथा उपयुक्त नीतिगत मार्गनिर्देशनको अभाव रहेको छ। यसको साथसाथै धेरै न्यायिक समितिहरुले स्थानीय तहमा प्रभावकारी न्यायिक निकायको भूमिका निर्वाह गरेको भने तापनि तिनमा पर्याप्त कानुनी ज्ञान वा तालिमको अभाव भएको देखिन्छ। यस्तो अवस्थाले निःसन्देह रुपमा अप्रत्याशित, स्वेच्छाचारी, र अन्ततः अनुचित प्रशासन तर्फ लैजान्छ।

महिलालाई स्वच्छ, प्रभावकारी र पहुँचयोग्य न्याय सुनिश्चत गर्न तथा समान रुपमा सबैलाई न्यायको सुनिश्चितता गर्न न्यायिक समितिको क्षमता अभिवृद्धि गर्नको लागि आवश्यक श्रोत तथा तालिम उपलब्ध गराउनु पर्दछ। न्यायिक समितिहरुको काममा हुन सक्ने असंगति तथा स्वेच्छाचारीताको अवस्थालाई समाप्त गर्न, कानुनी र कार्य संचालनमा सुधार तथा न्यायिक समितिको कार्यादेश, भूमिका तथा जिम्मेवारीका सम्बन्धमा विशिष्टिकृत तालिम प्रदान गर्न जरुरी हुन्छ।

स्थानीय सरकार संचालन ऐनको ४७ (१) मा सुचीकृत विवाद समाधान गर्न र ४७ (२) मा सुचीकृत विवादहरुमा मेलमिलाप गर्न न्यायिक समितिलाई स्थानीय सरकार संचालन ऐनले कार्यादेश दिएको छ। तथापि कानुन अनुसार समितिहरुले आफू समक्ष दर्ता भएका सबै मुद्दामा मेलमिलाप गर्न प्रोत्साहन गर्नँ पर्ने हुन्छ। यो व्यवस्थाले संविधानको प्रावधान अनुरुप स्थानीय सरकार संचालन ऐनको मूल मर्म मेलमिलापलाई प्राथमिकतामा राखेर विवादका दुबै पक्षको जित जितको अवस्था ९ध्ष्ल - ध्ष्ल कष्तगबतष्यल० सिर्जना गर्नु हो भन्ने स्पष्ट गर्दछ। त्यसकारण मेलमिलापलाई सशक्त तुल्याउन न्यायिक समितिको उपयोग गरिनु पर्दछ वा जहाँ विवादको विषयमा मेलमिलाप गर्न असंभव वा अनुपयुक्त भएमा त्यस्ता विवादलाई निर्णयको लागि जिल्ला अदालतमा सिफारिस गरिन्छ। यो दृष्टिकोणले विवादहरुको समयमा नै र प्रभावकारी रुपमा समाधानको सुनिश्चितता गर्नुका साथै यसले समग्र रुपमा सामुदायिक एकता अभिवृद्धि गर्ने र न्याय प्रणालीको सुदृढिकरणमा समेत सहयोग गर्दछ।

न्यायिक समितिका सदस्यहरुले प्रशासनिक, नीतिगत र फैसला गर्ने जस्ता दोहोरो जिम्मेवारी निर्वाह गर्ने भएकोले स्थलगत भ्रमणको क्रममा आइसीजे र सम्पर्कमा आएका धेरै व्यक्तिहरुले समग्र प्रणालीको निष्पक्षताको सम्बन्धमा गम्भीर चासो व्यक्त गरे। न्यायिक समितिहरुका सदस्यहरु राजनीतिक दलहरुबाट नियुक्त हुने भएकोले आ-आफ्नो राजनीतिक दलको अनुचित प्रभाव रहने संभावना हुने भएकोले न्यायिक समितिको अर्धन्यायिक कार्य संचालनमा यसले असर पार्न सक्दछ। न्यायिक समितिहरुको फैसला गर्ने भूमिकाले स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाई प्राप्त गर्ने व्यक्तिहरुको संवैधानिक अधिकार संभावित रुपमा कमजोर हुन सक्दछ।[51]

आइसीजेले सन् २०२० को उच्चस्तरीय भ्रमण टोलीको प्रतिवेदनमा, नेपालको संसदले "न्यायिक समितिहरुको क्षेत्राधिकार स्पष्ट गर्न, सबै मुद्दामा पुनरावेदन गर्ने अधिकार सुनिश्चित गर्ने लगायत उचित प्रक्रिया उपभोग गर्ने अधिकार विना द्विविधा सुनिश्चित गर्न र निर्णयहरु सही रुपमा अभिलेख राख्ने तथा पारदर्शी रहने अवस्था सुनिश्चित गर्न स्थानीय सरकार संचालन ऐन तथा अन्य सम्बन्धित कानुनहरुमा संशोधन" गर्नँ पर्दछ भन्ने सिफारिस गरेको थियो। सर्वोच्च अदालतलाई पनि "न्यायिक समितिहरुलाई ... अनुगमन गर्न र आवश्यक निर्देशन दिन" सम्बन्धी आफ्नो कार्यादेश उपयोग गर्न आइसीजेले आह्वान गरेको थियो।[52]

51 नेपालको संविधान २०७२, धारा २० (९)।

52 इन्टरनेशनल कमिशन अफ जुरिष्ट्स, संघीय नेपालमा मानव अधिकार र विधिको शासन : आसीजे उच्चस्तरीय भ्रमण टोलीको सिफारिस, सन् २०२० जुलाई, यहाँ उपलब्ध : https://icj2.wpenginepowered.com/wp-content/uploads/2020/08/Nepal-High-level-mission-Publications-Reports-misson-reports-2020-ENG.pdf

न्यायिक समितिका विभिन्न समस्याग्रस्त वा अस्पष्ट प्रावधान र यसका प्रक्रियाहरुको परिणामस्वरुप यी सिफारिसहरु प्रस्ताव गरिएका हुन् । स्थानीय सरकार संचालन ऐन आफैंमा पनि धेरै अस्पष्टताहरु रहेका छन् । उदाहरणका लागि उजुरी गर्न तोकिएको हदम्याद सबै मुद्दाहरुमा लागू हुन्छ, मुद्दाको प्रकृतिको आधारमा हदम्यादको अवधि फरक फरक हुन्छ वा समय नतोकिएको अवस्थामा ३५ दिन हदम्याद रहन्छ ।[53] न्यायिक समितिले विवादका दुवै पक्षहरु न्यायिक समिति समक्ष उपस्थित भएको तीन महिनाभित्र मेलमिलापको माध्यमबाट विवाद समाधान गर्न सक्दछ । यो समय अवधि भित्र मेलमिलाप सफल नभएमा, स्थानीय सरकार संचालन ऐनको दफा ४७ (२) मा सुचीकृत विवादहरुमा न्यायिक प्रक्रिया मार्फत विवाद समाधानको लागि अदालत जानको लागि सम्बन्धित पक्षहरुलाई सल्लाह दिनु पर्दछ ।[54] तथापि तोकिएको हदम्याद भित्र न्यायिक समिति समक्ष मुद्दा दायर भएको तर मेलमिलाप प्रक्रिया असफल भएमा र कुनै एक पक्षले विवादको निरुपण गर्न अदालत जान चाहेमा, र तोकिएको हदम्याद नाघिसकेको अवस्थामा के हुने भन्ने सम्बन्धमा कानुन मौन छ । अदालतमा मुद्दा दायर गर्न लागु हुने हदम्यादको गणना गर्दा न्यायिक समिति समक्ष मेलमिलापको लागि व्यतित भएको समय गणना हुन्छ की हुँदैन भन्ने सम्बन्धमा अस्पष्टता रहेको छ ।

महिला संलग्न भएका मुद्दामा न्यायिक समितिले लैङ्गिक संवेदनशील दृष्टिकोण अवलम्वन गर्नु पर्दछ भन्ने आइसीजेको मान्यता रहेको छ । महिलाहरुप्रति लक्षित लैङ्गिक पूर्वाग्रहीपूर्ण सोच र विभेदकारी ब्यवहार सम्बन्धी ज्ञान लगायत महिला अधिकारका बारेमा न्यायिक समितिका कर्मचारी र सदस्यहरुलाई स्पष्ट जानकारी हुनु पर्दछ । यसको अतिरिक्त महिला अधिकार संरक्षणको सुनिश्चितता गर्न र महिलालाई मर्यादा र सम्मानपूर्ण ब्यवहार गर्न, न्यायिक समितिका कर्मचारी र सदस्यहरुले महिलासँग सम्बन्धित काम कारवाही गर्दा लैङ्गिक संवेदनशील दृष्टिकोण अवलम्वन गर्नु पर्दछ ।

न्यायिक समितिहरु आर्थिक तथा मानव स्रोत साधन लगायत आवश्यक सबै स्रोतहरुबाट सुसज्जित हुनु पर्दछ र महिलाहरुलाई समग्र सहायता उपलब्ध गराउन विभिन्न व्यक्ति तथा निकायहरुसँग सम्बन्ध कायम राख्नु पर्दछ । यस्तो सहयोगमा, विशेष गरेर घरेलु हिंसा र लैङ्गिकतामा आधारित हिंसाका पीडितहरुलाई आवश्यक निःशुल्क कानुनी सहायता, मनोसामाजिक परामर्श र सहयोग, स्वास्थ्य उपचार, खाना, आश्रय र संरक्षण समेत समावेश हुनु पर्दछ ।

यौनजन्य हिंसा र लैङ्गिकतामा आधारित हिंसा जस्ता सक्षम, स्वतन्त्र र निष्पक्ष न्यायिक निकायले मात्र निरुपण गर्नु पर्ने मुद्दाहरुलाई समेत आफ्नो क्षेत्राधिकार भित्र पार्ने गरि केही न्यायिक समितिहरुले आफ्नो क्षेत्राधिकारको दायरा बढाउन सक्ने अवस्था प्रति आइसीजे को समेत चासो एवम् सरोकार रहेको छ ।

माथि उल्लेखित तथ्य र विश्लेषणको आधारमा आइसीजे निम्न सिफारिसहरु गर्दछ :

१. आफ्नो कार्यादेश, भूमिका, जिम्मेवारी र कामका प्रक्रियाहरुका सम्बन्धमा न्यायिक समितिका सदस्यहरुबीच अवधारणागत स्पष्टता विकास गर्न संघीय सरकारले प्रभावकारी उपायहरु अवलम्बन गर्नु पर्दछ;

२. त्यस्तो एक उपायको रुपमा, विशेष गरेर फौजदारी प्रकृतिका मुद्दाहरुको कारवाही गर्दा लागू हुने गरी अन्तर्राष्ट्रिय तथा घरेलु कानुन अनुकूल हुने गरी उचित कानुनी प्रक्रिया र निष्पक्ष सुनुवाईको मापदण्ड बनाएर न्यायिक समितिहरुको प्रभावकारी संचालनमा रहेमा विद्यमान द्विविधा र अस्पष्टता हटाउन नेपालको संसदले स्थानीय सरकार संचालन ऐनमा संशोधन गर्नु पर्दछ;

३. स्थानीय व्यवस्थापिका, गाउँ सभा र नगर सभाले मेलमिलाप सम्बन्धी र न्यायिक समितिले गरेका निर्णय तथा मेलमिलापहरुको कार्यान्वयन सम्बन्धी आवश्यक स्थानीय कानुन, नियमावली र मापदण्ड निर्माण सम्बन्धमा आवश्यक प्रक्रिया तत्काल अघि बढाउनु पर्दछ । यसका अतिरिक्त अविभेद र समान संरक्षणका साथै सबै व्यक्तिको न्यायमा पहुँच रहेको सुनिश्चित गर्न मुद्दा व्यवस्थापन र सिफारिस सम्बन्धी मापदण्डहरु निर्माण गर्नु पर्दछ;

४. विशेष गरेर सरकारी तथा गैरसरकारी निकायसँग काम गरिरहेका संघीय तथा स्थानीय सरकारले न्यायिक समितिका सदस्यहरु र कर्मचारीहरुलाई महिला विरुद्ध हुने लैङ्गिक पूर्वाग्रहपूर्ण सोँच र लैङ्गिक रुपमा विभेदकारी व्यवहारहरु लगायत लैङ्गिक सवाल सम्बन्धमा विशिष्ठिकृत तालिमहरु प्रदान गर्नु पर्दछ । यस्ता तालिमहरुमा यौनजन्य हिंसा तथा लैङ्गिकतामा आधारित हिंसाका मुद्दामा लैङ्गिक संवेदनशील अनुसन्धान विधी र बयान लिने कार्यविधीका साथै न्यायिक समितिको दैनिक काममा लागू हुने सान्दर्भिक कानुनहरु र अन्य क्षमता अभिवृद्धि सम्बन्धी तालिमहरु समावेश हुनु पर्दछ;

५. न्यायिक समितिहरुबाट हुने न्याय सम्पादन लगायतका महत्वपूर्ण सार्वजनिक सेवाका लागि पर्याप्त र आवश्यक बजेट विनियोजन सुनिश्चित गर्न संघीय, प्रादेशिक तथा स्थानीय सरकारहरुले सशक्त कारवाही अगाडि बढाउनु पर्दछ;

53 स्थानीय सरकार संचालन ऐन, दफा ४७ (४) अनुसार, "यस दफामा उल्लिखित विवादमा प्रचलित कानुनमा मुद्दा हेर्ने निकाय समक्ष निवेदन दिने कुनै हदम्याद तोकिएकोमा सोही म्याद भित्र र कुनै हदम्याद नतोकिएकोमा त्यस्तो कार्य भए गरेको ३५ दिनभित्र न्यायिक समिति समक्ष निवेदन दिनु पर्नेछ ।"

54 ऐजन, दफा ४९(४) स्थानीय सरकार संचालन ऐन अनुसार, "न्यायिक समितिले विवादका दुबै पक्ष उपस्थित भएको तीन महिनाभित्रे मेलमिलापबाट विवादको समाधान गर्नु पर्नेछ । सो अवधिभित्र मेलमिलाप हुन नसकेमा दफा ४७ (२) बमोजिमको विवादको हकमा त्यस्तो व्यहोरा जनाई विवादको समाधानको लागि अदालत जानको लागि सम्बन्धित पक्षलाई जानकारी दिई तत् सम्बन्धी मिसिल तथा कागजात सम्बन्धित अदालतमा पठाई दिनु पर्नेछ ।"

६. न्यायिक समितिहरुको प्रभावकारी संचालनको लागि आवश्यक कानुन अधिकृत तथा पर्याप्त मानव संशाधन नियुक्त गर्न र आवश्यक अन्य खर्च बहन गर्न सक्ने गरी संघीय, प्रादेशिक तथा स्थानीय सरकारहरुले पर्याप्त र छुट्टै बजेट विनियोजन गर्नु पर्दछ;

७. यसैगरी विशेष गरेर लैङ्गिकतामा आधारित हिंसाका पीडितहरुको गोपनीयता कायम राख्न र उनीहरुलाई पुनः पीडित हुन सक्ने अवस्थाबाट जोगाउन, परामर्श र सुनुवाई गर्ने तथा मेलमिलापको प्रक्रिया संचालन गर्ने छुट्टै कोठाको व्यवस्था लगायत आवश्यक भौतिक संरचनाहरुको व्यवस्था सुनिश्चित गर्न संघीय, प्रदेश र स्थानीय सरकारहरुले पर्याप्त बजेट विनियोजन गर्नु पर्दछ । यसको अतिरिक्त महिला सेवाग्राहीका लागि अनुकूल वातावरण सिर्जना गर्न महिलाहरुको लागि छुट्टै व्यवस्थित र सफा शौचालय, स्यानीटेरी न्यापकिन डिस्पेंन्सर र स्तनपान गर्ने कक्ष लगायत महिलाको विशेष आवश्यकताहरुको परिपूर्ति गर्ने कुरा सुनिश्चित गर्नु पर्दछ;

८. विशेष गरेर घरेलु हिंसा र अन्य लैङ्गिकतामा आधारित हिंसाका पीडित महिला लगायत उच्च जोखिममा रहेका पीडितहरुका लागि स्थानीय तहमा आश्रयस्थल र सुरक्षित आवासको व्यवस्था गर्न सरकारले पर्याप्त बजेट विनियोजन गर्नु पर्दछ;

९. न्यायिक समितिहरु मार्फत न्याय माग गर्ने पीडितका लागि बृहत सहायता (Comprehensive Support) सुनिश्चित गर्न स्थानीय सरकारले सम्बन्धित सरोकारवालाहरु बीच समन्वय गर्ने खाका निर्माण गर्ने र सिफारिसका लागि मार्गदर्शन तर्जुमा गर्नु पर्दछ;

१०. नगरपालिकाहरुसँगको सहकार्यमा संघीय सरकारले प्रमुख सरोकारवालाहरु बीचको सहकार्य प्रवर्द्धन गर्न सरकारी तथा गैरसरकारी संस्थाहरु, संयुक्त राष्ट्र संघ र अन्य अन्तरसरकारी निकाय तथा नागरिक समाजका संघसंस्थाहरु समेत समावेश भएको बहुसरोकारवालाहरुको संजाल निर्माण गर्नु पर्दछ । यसले तालिममा हुन सक्ने दोहोरोपन अन्त्य गर्न, न्यायिक समिति सम्बन्धी अवधारणा र कार्यविधीगत खाकाको हकमा समान धारणा निर्माण गर्न र तालिम सम्बन्धी विस्तृत पाठ्यक्रम निर्माण गर्न सहयोग गर्नेछ;

११. स्थानीय न्यायिक समितिहरुले संशोधन गर्नु पर्ने वा निर्माण गर्न आवश्यक रहेका नयाँ नीतिहरुको नक्साङ्कन (Mapping) गर्नु पर्दछ र न्यायिक समितिहरुको संचालनका लागि आवश्यक मार्गदर्शन तथा कार्यविधीहरुको मस्यौदा तयार गर्नु पर्दछ;

१२. नगरपालिकाहरु वा गाउँपालिकाहरुले न्यायिक समितिहरुलाई मुद्दा सिफारिस गर्न सहायता गर्नको लागि तथा कानुनी सहायता, मनोसामाजिक परामर्श सेवा, स्वास्थ्य उपचार सेवा र आश्रय लगायत पीडितलाई समष्टिगत सहायता (Holistic Support) उपलब्ध गराउन स्थानीय तहका संघसंस्था र निकायहरुको नक्साङ्कन (Mapping) आरम्भ गर्नु पर्दछ;

१३. नेपाल नगरपालिका संघ (मुवान) र गाउँपालिका राष्ट्रिय महासंघ नेपाल (नारमिन) लगायतका स्थानीय सरकारका संघ संस्थाहरुले न्यायिक समितिहरुले आफ्ना विचारहरु तथा आफुमा भएको ज्ञान आदानप्रदान गर्न र आफ्नो कार्यादेश पूरा गर्ने क्रममा सामना गरेका चुनौतीबारे छलफल गर्न न्यायिक समितिहरुको संजाल निर्माण गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्नु पर्दछ ।

## Commission Members

March 2021 (for an updated list, please visit www.icj.org/commission)

**President:**

Prof. Robert Goldman, United States

**Vice-Presidents:**

Prof. Carlos Ayala, Venezuela

Justice Radmila Dragicevic-Dicic, Serbia

**Executive Committee:**

Justice Sir Nicolas Bratza, UK

Dame Silvia Cartwright, New Zealand

(Chair) Ms Roberta Clarke, Barbados-Canada

Mr. Shawan Jabarin, Palestine

Ms Hina Jilani, Pakistan

Justice Sanji Monageng, Botswana

Mr Belisário dos Santos Júnior, Brazil

**Other Commission Members:**

Professor Kyong-Wahn Ahn, Republic of Korea

Justice Chinara Aidarbekova, Kyrgyzstan

Justice Adolfo Azcuna, Philippines

Ms Hadeel Abdel Aziz, Jordan

Mr Reed Brody, United States

Justice Azhar Cachalia, South Africa

Prof. Miguel Carbonell, Mexico

Justice Moses Chinhengo, Zimbabwe

Prof. Sarah Cleveland, United States

Justice Martine Comte, France

Mr Marzen Darwish, Syria

Mr Gamal Eid, Egypt

Mr Roberto Garretón, Chile

Ms Nahla Haidar El Addal, Lebanon

Prof. Michelo Hansungule, Zambia

Ms Gulnora Ishankanova, Uzbekistan

Ms Imrana Jalal, Fiji

Justice Kalthoum Kennou, Tunisia

Ms Jamesina Essie L. King, Sierra Leone

Prof. César Landa, Peru

Justice Ketil Lund, Norway

Justice Qinisile Mabuza, Swaziland

Justice José Antonio Martín Pallín, Spain

Prof. Juan Méndez, Argentina

Justice Charles Mkandawire, Malawi

Justice Yvonne Mokgoro, South Africa

Justice Tamara Morschakova, Russia

Justice Willly Mutunga, Kenya

Justice Egbert Myjer, Netherlands

Justice John Lawrence O'Meally, Australia

Ms Mikiko Otani, Japan

Justice Fatsah Ouguergouz, Algeria

Dr Jarna Petman, Finland

Prof. Mónica Pinto, Argentina

Prof. Victor Rodriguez Rescia, Costa Rica

Mr Alejandro Salinas Rivera, Chile

Mr Michael Sfard, Israel

Prof. Marco Sassoli, Italy-Switzerland

Justice Ajit Prakash Shah, India

Justice Kalyan Shrestha, Nepal

Ms Ambiga Sreenevasan, Malaysia

Justice Marwan Tashani, Libya

Mr Wilder Tayler, Uruguay

Justice Philippe Texier, France

Justice Lillian Tibatemwa-Ekirikubinza, Uganda

Justice Stefan Trechsel, Switzerland

Prof. Rodrigo Uprimny Yepes, Colombia

International
Commission
of Jurists